## शुक्लाफाँटा नगरपालिका

# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०८०

## Disaster Preparedness and Response Plan (DPRP)

समन्वय, सूचना व्यबस्थापन, खोज तथा उद्धार

खाद्य तथा कृषि

आवास तथा गैर खाद्य

स्वास्थ्य, खानेपानी, स्वच्छता तथा पोषण

शिक्षा तथा संरक्षण

# शुक्लाफाँटा नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय झलारी, कञ्चनपुर
# सुदूरपश्चिम प्रदेश नेपाल

| | |
|---|---|
| **दस्तावेज:** | नगर विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (*Disaster Preparedness & Response Plan, of Shuklaphanta Municipality)* |
| **योजनाको अवधि:** | आ ब २०८०/८१ |
| **प्रकाशन मिति:** | मंसिर २०८० |
| **तयार गर्ने:** | शुक्लाफाँटा नगरकार्यपालिको कार्यालय झलारी, कञ्चनपुर |
| **समन्वय गर्ने:** | स्थानीय विपद् व्यवस्थापन समिति, शुक्लाफाँटा नगरपालिका |
| प्राविधिक सहयोग | नेपाल रेडक्रस सोसाइटी कञ्चनपुर जिल्ला शाखा,विपद जोखिम व्यवस्थापनमा सबलताका लागि सहकार्य STRONG in DRM परियोजना र NNSWA एमरेड परियोजना |

DRAFT

फोन नं. : ०९९ ५४००१०
इमेल :
info@shuklaphantamun.gov.np
itoshuklaphantamun@gmail.com
वेवसाईट : www.shuklaphantamun.gov.np

# शुक्लाफाँटा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## झलारी, कञ्चनपुर
## सुदूरपश्चिम प्रदेश नेपाल

प.सं. : मिति :

च.नं. :

**बिषय : शुभकामना मन्तव्य**

कञ्चनपुर जिल्लाको शुक्लाफाँटा नगरपालिका बहुप्रकोप जोखिमयुक्त नगरपालिकाको रुपमा रहेको छ। भूकम्प, बाढी (डुबान, कटान), आगलागी, हुरीबतास, महामारी, वन्यजन्तु आक्रमण यस क्षेत्रका प्रमुख विपद् जोखिम हुन् सम्भावित विपद् बाट निम्तिन सक्ने क्षति न्युनीकरणका लागी पुर्व तयारी तथा आकस्मिकरुपमा हुन सक्ने विपद् को प्रभावकारी प्रतिकार्य योजना बनाई तयारी अवस्थामा रहन आवश्यक छ। स्रोत साधनको कमी जहिले पनि हुन्छ तर विपद् पश्चात् गरिने प्रतिकार्य का लागी हामीले गरेका पूर्वतयारीका कृयाकलापहरुले महत्व राख्दछ। विपद् आउछ र टरेर जान्छ भन्ने मनोबैज्ञानिक सोचलाई बिस्थापित गर्न जरुरी छ। आपतकालिन अवस्थामा प्रभावकारी प्रतिकार्य लाई सहज बनाउनका लागी नगरपालिकाको विपद् पुर्बतयारि तथा प्रतिकार्य योजना तयार गर्न अपरिहार्य देखिएकोले यो विपद् पुर्बतयारि तथा प्रतिकार्य योजना पहिलो पटक तयार गरिएको छ। सम्भावित विपद् का बेलामा नगरपालिका तथा सरोकारवालाहरुले खेल्नुपर्ने भुमिका सम्बन्धमा आवश्यक पूर्वतयारी गरि निकायगत जिम्मेवारीहरु स्पष्ट किटान गर्न सकिएको खण्डमा आपतकालिन प्रतिकार्यमा सहज हुने विश्वास लिईएको छ। त्यसै यस नगरपालिका भित्रको प्रकोप जोखिमको विद्यमान वस्तुस्थितिलाई ध्यानमा राखी तयार पारिएको यस योजनाले विभिन्न प्रकोपबाट हुन सक्ने विपद् तथा त्यसको प्रभावले आम समुदायमा पुऱ्याएको मानवीय समस्यालाई तत्काल सम्बोधन गर्न सहयोग गर्ने विश्वास लिएको छु। यो योजना तयार गर्दा मानवीय सहयोगका प्रकार तथा क्रियाकलापका आधारमा पाँच वटा बिषयगत क्षेत्रहरु (Cluster) मा विभाजन गरी सबै क्षेत्रको छुट्टाछुट्टै योजना यसमा समावेश गरिएको छ। अन्तमा, यस नगरपालिकाको विपद् पुर्बतयारि तथा प्रतिकार्य योजना तर्जुमा गर्ने क्रममा सहयोग पुऱ्याउनु हुने नगर उपप्रमुख, सबै वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरु, प्रमुख प्रशासकिय अधिकृत, विषयगत शाखा प्रमुख तथा कर्मचारी, ईलाका प्रहरी कार्यालय, नेपाल रेडक्रस सोसाईटी उपशाखा लगायत स्थानीय संघसंस्था संस्थाका प्रमुख तथा प्रतिनिधिहरू, सम्बन्धित क्षेत्रका (Cluster) प्रमुख तथा सदस्यहरू, बुद्धिजीवी वर्गलाई धन्यवाद दिन चाहन्छु। साथै यस योजना तयार पार्ने क्रममा प्राविधिक सहयोग पुगाउनु हुने नेपाल रेडक्रस सोसाईटी कञ्चनपुर जिल्ला शाखा -STRONG in DRM परियोजना र नेपाल राष्ट्रिय समाज कल्याण संघ (NNSWA) एमरेड परियोजना लाई धन्यवाद सहित।

**रण बहादुर महरा**

नगर प्रमुख

DRAFT

# बिषय सूचि


*परिच्छेद १* पृष्ठभूमि ........ १
- १.१ कञ्चनपुर जिल्लाको परिचय ........ १
- १.२ शुक्लाफाँटा नगरपालिकाको पृष्ठभूमि ........ २
- १.३ योजनाको पृष्ठभूमि (संक्षिप्त विपद्को स्थिति, योजनाको आवश्यकता, औचित्य) ........ ४

*परिच्छेद २* विपद् व्यवस्थापन तथा प्रतिकार्य योजनाको उद्धेश्य ........ ६
- २.१ **विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाका सीमाहरु** ६
- २.२ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रकृया ........ ७

*परिच्छेद ३* विपद् जोखिमको अबस्था ........ ८
- ३.१ विगतका विपद्हरूको विश्लेषण ........ ८
- ३.२ कानूनी, नीतिगत तथा संस्थागत व्यवस्था ........ १०
- ३.३ प्रमुख प्रकोपहरु र प्राथमिकतामा रहेका प्रकोपहरु ........ १०
- ३.४ सम्भाव्य प्रकोपको आँकलन तथा सम्भावित प्रभाव क्षेत्रको नक्शाङ्कन ........ ११
- ३.५ विपद् सङ्कटासन्नता तथा क्षमता विश्लेषण ........ ११
- ३.६ विपद् जोखिम आंकलन तथा नक्शांकन ........ १२
- ३.७. प्रकोप पूर्वानुमान तथा पूर्वसूचना प्रणाली विश्लेषण ........ १२
- ३.८. सरोकारवाला संस्थाहरू ........ १२
- ३.९ विषयगत क्षेत्रहरु ........ १४

*परिच्छेद ४* सामान्य पूर्व तयारी योजना (सम्पूर्ण विषयगत क्षेत्रहरुका लागि) ........ १५
- ४.१ प्राथमिकता प्राप्त पूर्वतयारी ........ १५

*परिच्छेद ५* पूर्वानुमानमा आधारित पूर्वतयारी योजना (बाढी) ........ १७
- ५.१ विपद्को अवस्था र मान्यता योजना ........ १७

*परिच्छेद ६* आपत्कालीन प्रतिकार्य योजना (सम्पूर्ण विषयगत क्षेत्रहरूको लागि) ........ २२
- ६.१ समन्वय, सूचना व्यवस्थापन, खोज तथा उद्धार ........ २२
- ६.२ खाद्य तथा कृषि विषयगत क्षेत्र ........ २७
- ६.३ आवास तथा गैरखाद्य विषयगत क्षेत्र ........ ३२
- ६.४ स्वास्थ्य, खानेपानी, सरसफाइ तथा पोषण क्षेत्र ........ ३६
- ६.५ शिक्षा तथा संरक्षण क्षेत्र ........ ४१

*परिच्छेद ७* आवश्यकताको लेखाजोखा ........ ४७
- ७.१. वन्दोवस्तीका सामानको आँकलन ........ ४७
- ७.२. अन्य आवश्यकताहरू ........ ४७
- ७.३ अनुमानित लागत ........ ४९
- ७.४ आर्थिक श्रोत र उपलब्ध हुने विधि र संयन्त्र ........ ४९
- ७.५ विपद्को समयमा राहत सहयोग प्रदान गर्ने मापदण्ड ........ ५०

*परिच्छेद ८* अन्य निकायहरूसँगको समन्वय र सहकार्य ........ ५२
- ८.१ नगरपालिका मा रहेका निकायहरुसँगको समन्वय र सहकार्य ........ ५३

*परिच्छेद ९* लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण........ ५५

*परिच्छेद १०* अनुगमन, मूल्याङ्कन तथा सिकाई योजना ........ ५६
- १०.१ लक्ष्य र सूचकहरू ........ ५६
- १०.२ अनुगमन, मूल्याङ्कन तथा सिकाई संयन्त्र ........ ५७
- १०.३. अनुगमन तथा मूल्याङ्कन कार्ययोजना........ ५७
- १०.४. क्षमता विकास ........ ५७
- १०.५. विपद् व्यवस्थापन तथा प्रतिकार्य योजनाको पुनरावलोकन र पृष्ठपोषण ........ ५८
- १०.६ अनुमोदन प्रक्रिया ........ ५८

*परिच्छेद ११* अनुसूचीहरु ........ ५९

*परिच्छेद १२* सन्दर्भ सामाग्रीहरु ........ ६५


DRAFT

# परिच्छेद १

## पृष्ठभूमि

नेपाल विपद् को दृष्टिले अति जोखिमपूर्ण देशहरुमध्ये एक हो। विश्वका १ सय ९८ देशमध्ये नेपाल भूकम्पका हिसाबले ११ औं, जलउत्पन्न प्रकोपका दृष्टिकोणले ३० औं, जलवायु परिवर्तनको हिसाबमा विश्वमा चौथो, बहुप्रकोप जोखिमका दृष्टिकोणबाट २०औं जोखिमयुक्त राष्ट्रको रुपमा रहेको छ। नेपालमा विशेषगरी नियमित रुपमा हुने बाढी, पहिरो, हुरिबतास, आगलागी, चट्याङ्ग, सडक दुर्घटना, असिना, हिमपहिरो, महामारी जस्ता मौसमी विपद् बाट हरेक वर्ष लगभग ठूलो संख्यामा परिवारहरु प्रभावित हुने गरेका छन्। गृहमन्त्रालयको प्रतिवेदन अनुसार नेपालमा प्रतिबर्ष बिभिन्न विपद्हरु बाट सरदर औषतमा एक हजारको हाराहारीमा मानिसहरुको मृत्यु हुने गर्दछ। जसमध्ये बार्षिक ३ सय जनाको मृत्यु बाढी तथा पहिरोका कारणले मात्रै हुने गर्दछ। यसैगरी आगलागीका कारण पशु चौपाया, पंक्षी, वन क्षेत्र, बालीनाली, धनसम्पत्तीको नोक्सानी हुने गरेकोछ। विपद्को कारण नेपाल ले हरेक बर्ष औसतमा १ अर्ब २१ करोड बराबरको सम्पत्तिको क्षति व्यहोर्नु परेको छ। नेपालको विकास दर ३ देखि ४ प्रतिशतले रहेको छ भने विपद्ले विनाश गर्ने दर ८ देखि २५ प्रतिशतसम्म हुने गरेको देखिएको छ। विभिन्न अध्ययन अनुसन्धान र विश्लेषण अनुसार नेपालमा कुनै पनि समय धेरै ठूलो भूकम्प जाने र त्यसबाट धेरै संख्यामा मानिस हताहत हुनसक्ने तथा भौतिक संरचनाहरुको क्षतिहुने सम्भावना रहेको छ। २०७२ बैशाख १२ र २९ गते आएका भुकम्प यसैका उदाहरण हुन्। अझै पनि यो भन्दा पनि ठुला प्रकृतिका भुकम्पहरु आउने अनुमान गरिदैछ। यस्तै हरेक बर्ष कोशी, कर्णाली र महाकाली लगायतका मध्य तथा साना नदीहरुमा आउने बाढीहरु पनि विपद्को उदाहरण हुन्।

विपद् व्यवस्थापन कार्यलाई अन्तर्राष्ट्रियस्तरमा मानव अधिकारका रुपमा अघि बढाउन १८ देखि २२ जनवरी २००५ मा जापानको ह्योगो शहरमा प्राकृतिक विपद् न्यूनीकरण सम्बन्धी दोश्रो विश्व सम्मेलन भएको थियो भने त्यसले तय गरेको १० बर्षे कार्ययोजनालाई ह्योगो कार्य योजनाको नामले चिनिन्छ। त्यस अवसरमा नेपालले विपद् जोखिम न्यूनीकरण एवं समन्वय परिषदको गठन, विपद् सम्बन्धी राष्ट्रिय रणनीति तयार गर्ने, विकसित मुलुकका उच्च प्रबिधि र अनुभवहरुलाई अनुसरण गर्ने, दिगो विकास र सुरक्षित भविष्य निर्माणका लागि शिक्षा भन्ने नारालाई साकार पार्न शैक्षिक पाठ्यक्रममा सुधार गर्ने र विपद् न्यूनीकरणका लागि विश्वकोषको स्थापना गर्ने जस्ता कुराहरुमा आफ्नो प्रतिबद्धता जाहेर गरेको छ। साथै २५ असोज २०६६ मा नेपाल सरकारबाट स्वीकृत गरिएको रणनीतिमा पनि प्रकोप जोखिम न्यूनीकरण सम्बन्धी अवधारणाहरूलाई आपत्कालीन पूर्वतयारी (Preparedness) प्रतिकार्य (Response) तथा पुनर्लाभ (Recovery) सम्बन्धी कार्यक्रममा व्यवस्थित रुपमा समावेश गर्नेसमेत उल्लेख गरिएको छ। साथै नेपालले तय गरेको अवधारणाहरु सन् २००५ मा १६८ राष्ट्रहरुले तयार गरेको Hyogo Framework तथा सन् २०१५ मार्च १८ मा जापानका] Sendai मा सम्पन्न संयुक्त राष्ट्रसंघीय विश्व सम्मेलनले तय गरेको The Sendai Framework for Disaster Risk Reduction 2015-2030 बाट निर्दीष्ट छन्। विपद्को सवाल भनेको राहत र उद्धारसंग मात्र सीमित छैन् आधारभूत मानव अधिकार, मानवीय कानून, विकास निर्माण, गाँस, बास, कपास, शान्ति सुरक्षा एवं सामाजिक, आर्थिक, साँस्कृतिक लगायतका हरेक बिषयहरुसंग यसको प्रत्यक्ष सम्बन्ध छ। साथै आकस्मिक रुपमा हुन सक्ने विपद्को सम्भावित क्षति न्युनीकरणका लागी सबैतहमा आवश्यक पूर्वतयारी गरि सम्भावित विपद् प्रतिकार्यका लागी तयारी अवस्थामा रहनुपर्ने आवश्यकता रहेको छ।

### १.१ कञ्चनपुर जिल्लाको परिचय

कञ्चनपुर जिल्ला नेपालको संघीय संरचना अन्तर्गत सुदुरपश्चिम प्रदेशमा पर्ने पूर्व तर्फ कैलाली, उत्तर तर्फ डडेल्धुरा र पश्चिम तथा दक्षिण तर्फ भारतको उत्तराखण्ड र उत्तर प्रदेश संग सिमाना जोडिएको तराइको जिल्ला हो। कञ्चनपुर जिल्ला नेपालको एकीकरण हुनुभन्दा पहिले बाइसे–चौबिसे राज्य रहेका वखत तत्कालीन डोटी राज्यको सीमा क्षेत्रमा पर्दथ्यो। त्यतिबेलासम्म यस जिल्लाको नामकरण भइसकेको थिएन। मल्ली माल र तल्ली मालको नामबाट चिनिने यस जिल्लाको भूभाग पनि कैलाली जिल्लाकै भूभागमा समावेश रहेको थियो।

सन् १८१४ देखि १८१५ सम्म अंग्रेजसँग भएको युद्धपछि सन् १८१६ मा गरिएको सुगौली सन्धिबाट काली नदी पश्चिमको सम्पूर्ण भू–भागसँगै तराईको कञ्चनपुर पनि इस्ट इण्डियामा गाभिएको थियो। सन् १८६० को प्रत्यावर्तन सन्धि भएपछि कंचनपुर, कैलाली, बाँके र बर्दियासम्मको तराई भूखण्ड नयाँ मुलुकको रुपमा नेपाललाई प्राप्त भयो। नयाँ मुलुक नेपालमा आवद्ध भइसकेपछि मात्र कंचनपुर र कैलाली छुट्टाछुट्टै जिल्ला बन्न पुगेका हुन्। कञ्चनपुर नयाँ जिल्लाको रुपमा स्थापित हुँदा यसको सदरमुकाम हालको बेलौरी नगरपालिकाको बेलौरी बजारमा रहेको र सोही बेलौरी नजिकको कञ्ज गाउँको नाम बाट कञ्चनपुर जिल्लाको नामाकरण हुन गएको इतिहासका अध्येताहरूको भनाई पाइन्छ। यस जिल्लाको हालको सदरमुकाम २०१९ सालपछि बेलौरीबाट महेन्द्रनगर (भीमदत्त नगरपालिका) मा सारिएको देखिन्छ।

यो जिल्ला २८°३५′ उत्तरदेखि २९°८′ उत्तर अक्षांश र ८०°२५′ पूर्वदेखि ८०°३३′ पूर्वदेशान्तरसम्म फैलिएकोछ । भूतलीय उचाईको हिसाबले हेर्दा दक्षिणमा समुन्द्र सतहबाट १६० मीटर र उत्तरमा १५२८ मीटरसम्मको उचाईमा अवस्थित रहेको छ । जिल्लाको औषत लम्बाई ४४ किमि पुर्व पश्चिम र ३४ किमि उत्तर दक्षिण रहेको छ । जिल्लाको जम्मा क्षेत्रफल १,६१७४१ हेक्टरमध्ये ५९,५३२ (३७%) हेक्टर खेतीयोग्य तथा ८८,२०० (५५%) हेक्टर. बन जंगल र खोला नालाले ओगटेको र अन्य १४,००९(८%) क्षेत्र रहेकोछ । ८८,२०० हे. वनक्षेत्र मध्ये राष्ट्रिय निकुञ्ज क्षेत्र ३०,५०० हे.(३५%)रहेक ेछ । जिल्लाको चुरे तथा भावर क्षेत्रबाहेक अन्य क्षेत्र खेतीयोग्य छ । जिल्लाभित्र जल निकासको हिसाबले प्रमुख नदी प्रणालीको रुपमा महाकाली, जोगबुडा, चौधर, स्याली, सुनवरा र वनरा, वन्द, राधा, मछेली, दोदा र मोहना नदी रहेकाछन ।

## १.२ शुक्लाफाँटा नगरपालिकाको पृष्ठभूमि

सुदूरपश्चिम प्रदेश को कंञ्चनपुर जिल्लाको मध्य भागमा रहेको शुक्लाफाँटा नगरपालिका सदरमुकाम महेन्द्रनगर देखी १८ कि.मि दुरीमा रहेको छ । साबिकका झलारी पिपलाडी न.पा. र देखतभुली गा.वि.स. का ४ र ६ नं वडाहरु समायोजन भई १२ वटा वडाहरु सहित यो नगरपालिका बनाइएको हो । यस पालिकाको पूर्वमा कृष्णपुर नगरपालिका, पश्चिममा शुक्लाफँटा राष्ट्रिय निकुण्ज तथा बेतकोट नगरपालिका, उत्तरमा डडेल्धुरा जिल्लाको **परशुराम नगरपालिका** र दक्षिणमा शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज र लालझांडी गांउँपालिका पर्दछन् । यो पालिका २८° ५७' उत्तर अक्षांश र ८०° १७' पूर्व देशान्तरसम्म फैलिएकोछ । जम्मा १२ वटा वडा रहेको यस नगरपालिकाको क्षेत्रफल १६२.५७ बर्ग कि.मि रहेको छ । जिल्लाको निर्वाचन क्षेत्र नं २ मा रहेको यस नगरपालिकामा जम्मा १२,०५८ घरधुरी रहेको र कुल जनसंख्या ५३,९६९मध्ये २९,३८५ महिला र २४,५८४ पुरुष रहेका छन् भने औषत प्रति घर परिवार संख्या ४.४८ रहेकोछ । हिन्दु, क्रिश्चियन, बौद्ध आदि धर्म तथा क्षेत्री, ब्राह्मण, थारु र दशनामी जातजातिको यस नगरपालिकामा बसोबास रहेकोछ । (श्रोत - राष्ट्रिय जनगणना २०७८)

*शुक्लाफाँटा नगरपालिकाको भौगोलिक अवस्थिति नक्सांकन*






*शुक्लाफाँटा नगरपालिकाको जनसंख्या विवरण*

| वार्ड नं. | घर संख्या | जनसंख्या विवरण | | | |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | प्रतिशत |
| १ | 1,251 | ३,०८१ | २,४७८ | ५,५५९ | ११.२६% |
| २ | ५१२ | १,२२३ | ९६६ | २,१८९ | ४.२० % |
| ३ | ५०६ | १,३१५ | १,०५९ | २,३७४ | ४.३३ % |
| ४ | 785 | १,९५७ | १,७६८ | ३,७२५ | ६.९५ % |
| ५ | १,२२७ | ३,१०१ | २,४७४ | ५,५७५ | ११.०० % |
| ६ | 492 | १,१८१ | १,०१० | २,१९१ | ३.९३ % |
| ७ | 1,328 | ३,१८१ | २,५८१ | ५,७६२ | ११.२८ % |
| ८ | १,३७२ | ३,३१२ | २,८६४ | ६,१७६ | ९.९३% |
| ९ | ६५५ | १,५५७ | १,१९१ | २,७४८ | ५.३८ % |
| १० | १,१८३ | २,६९६ | २,४२२ | ५,११८ | ८.८२ % |
| ११ | १,६९२ | ३,९३१ | ३,३६१ | ७,२९२ | १२.६५ % |
| १२ | १,०५५ | २,८५० | २,४१० | ५,२६० | १०.२७ % |
| **जम्मा** | **१२,०५८** | **२९,३८५** | **२४,५८४** | **५३,९६९** | **१००** |

श्रोत -राष्ट्रिय जनगणना २०७८

यो नगरपालिका नेपालको तराई क्षेत्रमा पर्ने भएकोले उष्ण तथा उपोष्ण प्रकारको (मनसुन) हावापानी पाईन्छ । यस नगरपालिकाको औषत तापक्रम २३.९८°से रहेको छ । गर्मी महिनामा औषत अधिकतम तापक्रम ४३ °से र जाडो महिनामा औषत न्युनतम तापक्रम ७.१°से सम्म पुग्न जान्छ । विगत दश बर्षको तापकम र बर्षा नजिकैको सम्बन्धित उप-शाखाको आधारमा *चित्र न. १* मा खुलाईएको छ ।

*शुक्लाफाँटा नगरपालिकाको औसत अधिकतम र न्यूनतम तापक्रम महेन्द्रनगर उप-शाखाको २००३ देखि २०१३ सम्म रेडर्क (स्रोत: जल तथा मौसम विज्ञान विभाग, २०१६)*

DRAFT




विश्वव्यापी उष्णता, जलवायु परिवर्तनका कारण हिमरेखा माथि सर्दै गईरहेको र परिवर्तित जलवायु अनुसार अनुकूलित हुन मानिस, जीवजनावर, वनस्पतिहरूलाई कठिन भई जैविक विविधतामा समेत ह्रास आउन थालेको छ। सुनवरा नदी, दोदा नदी, स्याली नदी, घटकटुवा नदी, बनहरा नदी, चितौरा खोला, जयराम खोला, टोटी नाला, गौडी नाला, बुडि नाला यहांका प्रमुख नदी, खोलानालाहरु हुन भने यहांका तालतलैयामा झारखण्डी ताल, अजिंङ्गर ताल, मणिकाधाम ताल, भरकुण्डा ताल, बन्साहा ताल, सुनदेबी ताल, प्यारा ताल, शुक्ला ताल र बैजनाथ ताल पर्दछन्  भने एक मात्र झरना बतासे झरना रहेको यस नगरपालिको शिवलिङ्ग दन्ते गुफा पनि महत्वपूर्ण पर्यटकीय स्थल हो ।

## १.३. योजनाको पृष्ठभूमि (संक्षिप्त विपद्को स्थिति, योजनाको आवश्यकता, औचित्य)

विपद् व्यवस्थापनका तिन चरणहरू: **विपद् पूर्व तयारी, विपद्का समयमा खोज व्यवस्थापन र विपद् पछि राहत र पुर्नस्थापना** मध्ये विपद् पूर्व गरिने न्यूनीकरण र पूर्वतयारी कार्य  प्रभावकारी हुन्छ । त्यसकारण दिगो विकासको लक्ष्यलाई **प्राप्त गर्न सघाउने**  र विपद् को प्रभाव घटाएर सुरक्षित समाजको **बिकासका** लागि विपद्को जोखिममा रहेका समुदायको विपद् सामना क्षमता अभिवृद्धि गर्नु नितान्त आवश्यक छ। नेपालको संविधान २०७२, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ (प्रथम संशोधन २०७५), स्थानीय सरकार सञ्चालन ऐन २०७४, विपद् जोखिम न्यूनीकरण नीति एवं रणनीतिक कार्ययोजना २०७५ तथा विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन नियमावली २०७५ लगायतका राष्ट्रिय नीति तथा कानुनी दस्तावेजको आधार, नेपाल सरकारले २०६६ असोजमा स्वीकृत गरेको 'विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति' र 'ह्योगो कार्यसंरचना २००५-२०१५' ले मार्गदर्शन गरेअनुरुप स्थानीय स्वायत्त शासन ऐन तथा नेपाल जलवायु परिवर्तन नीति २०६७ तथा राष्ट्रिय अनुकूलन कार्यक्रम, स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजनाको मार्गनिर्देशन २०७४, **शुक्लाफाटा न पा  विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५ (संशोधन सहित)** लाई समेत ध्यानमा राखी तयार गरिएको यस दस्तावेजले विपद् व्यवस्थापनका लागि स्थानीय तहको क्षमता अभिवृद्धि गर्ने यो एक प्रयास हुनेछ। वि.सं. २०६५ साल जेठ १५ गते नेपाल सरकारले संघीयतामा जाने निर्णय गरेसँगै देशमा तीन तहका सरकारहरुको प्रादुर्भाव भयो । केन्द्रमा संघीय सरकार, प्रदेशमा प्रादेशिक सरकार र स्थानीय तहमा स्थानीय सरकार निर्माण भएसँगै सोही अनुरुप तहगत संरचनाहरुको निर्माण भए । जसअनुरुप केन्द्रमा प्रधानमन्त्रीको अध्यक्षतामा विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् गठन भएको छ र गृहमन्त्रीको अध्यक्षतामा विपद् व्यवस्थापन कार्यकारी समितिको निर्माण भएको छ । त्यसैगरी सातै प्रदेशमा मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश विपद् व्यवस्थापन परिषद् निर्माण गरिएको छ। जिल्लामा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला विपद् व्यवस्थापन समितिलाई कायम गरिएको छ भने स्थानीय तह प्रमुख  को अध्यक्षतामा स्थानीय विपद् व्यवस्थापन समितिको व्यवस्था गरी विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापनका कार्यलाई तहगत रुपमा जिम्मेवारी हस्तान्तरण गरिएको छ। सोही अनुरुप हरेक तहले आफ्नो लागि आवश्यक ऐन, नियम कानूनहरु निर्माण गर्ने र कार्यान्वयन गर्ने प्रावधान अनुरुप

DRAFT

संघीय सरकारले तयार गरेको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना मार्गदर्शन २०६७ (पहिलो संशोधन २०७६) को अधीनमा रही कञ्चनपुर जिल्लाको शुक्लाफाँटा नगरपालिका ले विभिन्न सरकारी निकाय, गैरसरकारी क्षेत्र, राजनीतिक दलहरु, नीजी क्षेत्र, स्थानीय जनप्रतिनिधि, स्थानीय तहमा रहेर काम गरिरहेका विभिन्न मानवीय सेवामा कार्यरत संघसंस्थाहरु समेतको सहभागितामा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०८० निर्माण गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (न) ले स्थानियतहको काम, कर्तव्य र अधिकार भित्र विपद् व्यवस्थापन सम्बन्धी सबै चरणका कार्यहरू समावेश गरेको छ। यस ऐनले राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमति, अनुगमन र नियमन सम्बन्धी कार्यहरूका साथै सुरक्षित बस्ती विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मुल्याङ्कन कार्यलाई समेत नगरपालिकाको काम, कर्तव्य र अधिकार भित्र समेटेको छ । यस नगरपालिकामा सवभन्दा ठुलो विपदको रुपमा बाढी देखिएको छ भने क्रमशः कृषिमा रोगकिरा, हावाहुरी, बन्यजन्तुको अक्रमण, खडेरी, शितलहर, महामारी, आगलागि र चट्याँग रहेका छन(श्रोत- LDCRP २०७५) यो DPRP तयार गर्दा सो विपद्को क्रमलाई पनि ध्यान दिनु जरुरी रहेको छ,यस नगरपालिकामा DPRP तयार गर्दि देहायका क्रियाकलापहरु संचालन गर्न आबश्यक देखिन्छ ।

- विपद्को जोखिम कम गर्न तथा सम्भावित विपद् को प्रभावकारी प्रतिकार्यमा सहजता ल्याउन ।
- सम्भावित विपद् प्रतिकार्य का लागी आबश्यक स्रोतलाई बिकेन्द्रित गरी क्षेत्रगत रुपले परिचालन गर्न ।
- विपद् प्रतिकार्य योजना निर्माण र यसको अद्यावधिक गरि राहत जस्ता कार्यमा प्रभावित समुदायको समान पहुँचको प्रत्याभूति गर्न ।
- आपत्कालीन समयमा सूचना र जानकारी सम्प्रेषणलाइ व्यवस्थित र प्रभावकारी बनाउन ।
- क्षेत्रगत रूपमा कामको बाँडफाँड हुने हुँदा मानवीय सहयोग पारदर्शी, प्रभावकारी र व्यवस्थित हुनुको साथै सेवाप्रदायकमा जवाफदेही र उत्तरदायित्वको भावनाको विकास गर्न ।
- प्रतिकार्य योजना वनाउदा समयक्रम अनुसार हुने विपद्को पहिचान, त्यसको पूर्वतयारी र त्यसका लागि गर्नुपर्ने योजनाहरुसमेत हुने हुनाले विपद्को व्यवस्थापनमा सहजता ल्याउन ।

DRAFT

## परिच्छेद २

# विपद् व्यवस्थापन तथा प्रतिकार्य योजनाको उद्धेश्य

विपद् व्यवस्थापन तथा प्रतिकार्य योजनाको समग्र उद्धेश्य विपद् जोखिमबाट हुन सक्ने मानवीय असरहरू न्यूनीकरण तथा व्यवस्थापन गर्न जोखिमयुक्त क्षेत्रहरूको पहिचान गरी प्रतिकार्य क्षमता अभिवृद्धि गर्दै पूर्वतयारी (Preparedness), प्रतिकार्य (Response) तथा पुर्नलाभ (Recovery) का क्रियाकलापहरू प्रभावकारी एवम् समन्वयात्मक रुपमा सञ्चालन गर्नु रहेको छ। विपद् व्यवस्थापन सम्बन्धी क्रियाकलापहरुलाई संगठित र व्यवस्थित बनाई प्रभावकारी प्रतिकार्य मार्फत् सम्भावित क्षति न्यूनीकरण गर्नु हो। साथै विपद्को समयमा प्रभावितको खोज तथा उद्धचर गरी स्थानीय स्रोत साधनको अधिकतम उपयोगद्वारा प्रभावित समुदायलाई व्यवस्थित, प्रभावकारी र जवाफदेहीयुक्त मानवीय सहयोग उपलब्ध गराउनु का साथै यस यस नगरपालिका का प्रमुख प्रकोपहरुबाट निम्तिने विपद्जन्य अवस्थामा हुने क्षतिको न्यूनीकरण तथा व्यवस्थापन गर्नु यस योजनाको मूल उद्धेश्य रहेको छ। **योजनाका अन्य विशिष्ट उद्धेश्यहरु देहाय बमोजिम रहेका छन्।**

- विपद् पुर्ब गर्नुपर्ने कार्य सुनिश्चित गरि विपद्का समयमा मानवीय सहयोगलाई व्यवस्थित गर्ने।
- विपद् जोखिम कम गर्न सरोकारवाला निकाय, स्थानीयतह र समुदायबीच सहकार्य अभिवृद्धि गर्ने।
- सङ्कटासन्न समुदाय एवं क्षेत्रहरु पहिचान गरि प्रकोप जोखिम नक्शांकन तयार गर्न।
- क्षेत्रगत रूपमा कामका बाँडफाँड हुने हुँदा मानवीय सहयोग, पारदर्शी, प्रभावकारी र व्यवस्थित हुनुका साथै जवाफदेहिता र उत्तरदायित्वका भावनाको विकास गर्न ।
- पालिकामा विपदको क्षेत्रमा कार्यरत संघ संस्थाहरु पहिचान भई स्रोत र साधनको आँकलन गर्न।
- बाढी, भूकम्प र आगलागी तथा शितलहरको आकस्मिक योजना निर्माणभई प्रतिकार्यका लागि सरल दस्तावेज निर्माण गर्न।
- विपद् प्रभावितहरुलाई तत्काल उद्दार तथा राहत सेवा पर्‍याउन सरल उपायहरु अवलम्बन गर्ने।
- विपद् जोखिम् न्यूनीकरण गर्न सराकोरवालाहरुबीच समन्वयात्मक संयन्त्रको निर्माण भई विपदको समय र विपद पश्चात् तत्काल प्रतिकार्य गर्न सहज हुनेछ।
- विपद्को समयमा पालिका तथा वडा विपद् व्यवस्थापन समिति तथा समुदायमा आधारित संघ संस्थाहरु को समन्वय र सहकार्यमा प्रभावकारी प्रतिकार्यका गतिविधीलाई अघि बढन सहज हुनेछ।

## २.१ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाका सीमाहरु

- यो योजना शुक्लाफाँटा नगरपालिकासँग सम्बन्धित रहेको हुनाले यसको कार्यान्वयन यसै नगरपालिकामा सीमित हुनेछ।
- प्रस्तुत योजना स्थानीय विपद् व्यवस्थापन समितिको निर्देशनमा कार्यान्वयन हुनेछ।
- प्रस्तुत योजना शुक्लाफाँटा नगरपालिकाको स्वीकृति पश्चात मात्र कार्यान्वयन हुनेछ।
- यो विपद् पूर्वतयारी तथा प्रतिकार्यका क्रियाकलापमामात्र सीमित भएकोले अन्य प्रयोजनका लागी प्रयोगमा आउने छैन।

DRAFT

## २.२ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रकृया




विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना बनाउने क्रममा नगरपालिका स्तरका मुख्य सरोकारवालाहरु जनप्रतिनीधीहरु, वडा अध्यक्षहरु संग प्रारम्भिक छलफल गरिएको थियो । बैठकमा योजनाको प्रभावकारि कार्यान्वयनका लागी आवश्यक विषयगत क्षेत्रहरुको बैठक बारेमा छलफल गरिएको थियो । यस बैठकले विशेष गरेर नगरपालिकाको जनसंख्या र जोखिमलाई आधार मानेर कम्तिमा २०० जनालाई सहयोग पुरयाउने उद्धेश्यले न्यूनतम प्रतिकार्य योजना तयार गर्न परिदृश्य निर्माण गरिएको थियो । यसभन्दा बढी प्रभावित भएको खण्डमा बाह्य सहयोगको आवश्यकता पर्ने छलफल गरिएको थियो । नगरपालिकामा भएको प्रारम्भिक बैठक/DPRP मस्यौदा माथीको छलफल गोष्ठीले तय गरेको आधारमा **५ वटा विषयगत क्षेत्रहरु** पहिचान गरि सहभागीमूलक रुपमा विषयगत क्षेत्रको संभावित विपद्को परिदृश्य, विषयगत क्षेत्रको उद्धेश्य, प्रतिकार्य गर्ने क्रियाकलापहरु र त्यसका लागि आवश्यक पर्ने पूर्वतयारीका कार्यहरु तय गरिएको थियो ।

समग्रमा नगरपालिका क्षेत्रको विद्यमान र सम्भावित जोखिमहरूको विस्तृत विश्लेषण गरी पालिकाका वडाहरु, सरकारी तथा गैरसरकारी निकाय एवम् निजी क्षेत्रहरूबाट विपद् व्यवस्थापन तथा प्रतिकार्य योजनाका सम्बन्धमा पृष्ठपोषण संकलन गरी विपद् व्यवस्थापन तथा **प्रतिकार्य योजना २०८० तयार गरिएको छ** साथै यस योजनामा समावेश गरिएका सूचना तथा तथ्यांकहरूलाई समयानुकूल परिमार्जन गरी प्रकाशन गर्ने प्रयास गरिनेछ । यो दस्तावेज तयार गर्दा देहायको प्रक्रिया अपनाई विभिन्न प्रकाशन, सन्दर्भ/सामग्रीहरुको अध्ययन गरिएको छ ।

- शुक्लाफाँटा नगरपालिका मा रहेका १२ वटा वडाहरुको विपद् को सङ्कटासन्नता तथा क्षमता विश्लेषण गरि नगरपालिका भित्रको प्रकोप पहिचान, स्तरिकरण
- नगरपालिकामा रहेका विभिन्न विपद् संग सम्वन्धित दस्तावेजहरु जस्तै शुक्लाफाँटा नगरपालिका को ३ वर्ष (०७५/०७६ देखि ०७७/०७८ सम्म) का लागी तयार पारिएको स्थानीय विपद् जलवायु उत्थानशील योजना (विपद सयोजित लापा)
- नगरपालिकामा विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन २०७५
- आर्थिक बर्ष **२०८०/०८१** को बार्षिक नीति योजना, कार्यक्रम तथा बजेट सहितको नगर विकास योजना,
- कञ्चनपुर जिल्लाको विपद् व्यवस्थापन तथा प्रतिकार्य योजना २०८०
- वडा तहको सूचनाहरु, हाल सम्म भएका विपद् का घटनाहरु आदि अध्ययन गरिएको थियो
- अन्य पालिकाहरुले तयार गरेका विपद् व्यवस्थापन कार्ययोजनाहरूलाई पनि Reference का रुपमा लिईएको
- स्थानीय विपद् व्यवस्थापन समिति, शुक्लाफाँटा नगरपालिका को निर्णय बमोजिम विद्यमान पाँच (५) वटा विषयगत क्षेत्रहरूसँग छलफल
- विभिन्न सरकारी तथा गैह्रसरकारी संस्थाहरूद्वारा प्रकाशित विभिन्न अध्ययन प्रतिवेदनहरू तथा तथ्यांकको आधारमा जोखिमको प्रवृत्ति एवम् परिणाम पहिचान ।
- क्लष्टर प्रमुख, एवम् पालिकाका सरोकारवालाहरूको बैठकमा नगर विपद् जोखिम पूर्वतयारी तथा प्रतिकार्य योजना उपर छलफल गरी पृष्ठपोषण संकलन ।

DRAFT

# परिच्छेद ३

## विपद् जोखिमको अवस्था

शुक्लाफाँटा नगरपालिकाको प्रकोप जोखिम विश्लेषण गर्दा यस नगरपालिकामा विभिन्न प्रकोपहरुको जोखिम रहेको पाईन्छ । **यस नगरपालिकामा सवभन्दा ठुलो विपदको रुपमा बाढी देखिएको छ भने क्रमशः कृषिमा रोगकिरा, हावाहुरी, बन्यजन्तुको अक्रमण, खडेरी, शितलहर, महामारी, आगलागि र चट्याँग रहेका छन(श्रोत- LDCRP २०७५)** । नेपाल भूकम्पीय जोखिममा रहेको मुलुक भएकोले भूकम्पीय जोखिम व्यवस्थापनलाई पहिलो प्राथमिकता **राखिएको** हुदा भूकम्प यस पालिकाको विपद्को सूचीमा पनि पहिलो स्थानमा नै समेटिएको छ ।

| क.सं | सम्भावित प्रकोप | विद्यमान अवस्था | समय |
|---|---|---|---|
| १ | भूकम्प | पालिका क्षेत्रमा भूकम्प प्रतिरोधात्मक भवन नभएको, न.पा.ले भवन आचारसंहिता लागु गरेको | जुनसुकै समयमा |
| २ | बाढी | **नदि तथा खहरे खोलाका** कारण बर्षेनी डुबान, कटान, पटान, मानविय मृत्यु, घाइते, अपाËता, वेपत्ता हुनु, विस्थापित हुनुपर्ने, खाद्यान्न अभाव, आय आर्जनमा कमि, पठन पाठन तथा यातायात विजुली वत्ती, सञ्चार अवरुद्ध | ज्येष्ठ - कात्तिक |
| ३ | हावाहुरि | मानविय मृत्यु, घाइते, अपाËता, विस्थापित हुनुपर्ने, खाद्यान्न अभाव, पठन पाठन तथा यातायात, विजुलीवत्ती, सञ्चारमा अवरोध सृजना, घर बस्तिमा क्षती, आगलागी | चैत्र - जेष्ठ |
| ४ | खडेरी | बाली उत्पादनमा गिरावट, खाद्यान्न को कमीका कारण भोकमरिको अबस्था श्रृजना हुनु | असार - भदौ |
| ५ | बन्यजन्तु आतंक | शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज र चुरेक्षेत्रमा रहेका जनावरको आक्रमणका कारण मानविय मृत्यु, घाइते अपाËता, घर क्षती हुनु तथा डरत्रासको बातावरण हुनु, वेपत्ता हुनु, विस्थापित हुनुपर्ने | जुनसुकै समयमा |
| ६ | आगलागी | मानविय मृत्यु, घाइते अपाËता, वेपत्ता हुनु, विस्थापित हुनुपर्ने, खाद्यान्न अभाव, पठन पाठन तथा यातायात, विजुलीवत्ती, सञ्चारमा अवरोध सृजना, घर बस्तिमा क्षती, | चैत्र - जेष्ठ |
| ७ | महामारी | बाढी पश्चात प्रकोपका रुपमा झाडापखाला लगायत पानीजन्य रोग बढ्ने गरेको, स्रोत साधन, जनचेतना र अनुकूनल क्षमताको अभाव । | विपद् पछि, अन्य समयमा |
| ८ | शितलहर | जलवायु परिवर्तन का कारण चिसोले गर्दा विपन्न बस्ती बढी प्रभावित | पुष - माघ |
| ९ | चट्याङ | बढी जसो वर्षायाम र पानी परेका समयमा | जुनसुकै समयमा |
| १० | कृषिमा रोग किरा | जलवायु परिवर्तन, बढी विषादी प्रयोगका कारण लाभकारी चरा, किरा लोप | खेती गर्ने मौसम |

### ३.१ विगतका विपद्हरूको विश्लेषण

यस नगरपालिकाका विगतका विपद्हरूको बारेमा जानकारी लिन, कति सालमा के कस्ता प्रकोप आयो, जसका कारण कस्ता कस्ता विपद्हरु आए र सो विपद् बाट कस्तो असर र प्रभाब पर्‍यो बारे प्रकोपको ऐतिहासिक विवरण लिने क्रममा समुदायका ज्येष्ठ नागरिक, बुद्धिजीवी, जानिफकारहरु सँगको छलफलबाट निम्न कुराहरुको जानकारी प्राप्त भयो । वि.सं. २०३५ देखि हाल सम्म करिब ४३ बर्षको अवधिमा मुख्यतः ५ वटा प्रकोपहरु बाढी, हावाहुरी, कृषिमा रोग किरा, बन्यजन्तु आक्रमणका र खडेरी जस्ता प्रकोपहरु बाट नगरपालिकाको १२ वटै वडाहरुमा पुऱ्याएको क्षतिको संख्यात्मक विवरण तलको तालिकामा राखिएको छ ।

| प्रकोप | पछिल्लो ४३ वर्षको २०३५–२०७८ को क्षति विवरण | | | कैफियत |
|---|---|---|---|---|
| | विवरण | इकाई | परिमाण | |
| **१. बाढी** | मानिसको मृत्यु | संख्या | १४ | |
| | घरधुरी डुवान | संख्या | ३८२ | |

DRAFT

| प्रकोप | पछिल्लो ४३ वर्षको २०३५–२०७८ को क्षति विवरण | | | कैफियत |
|---|---|---|---|---|
| | विवरण | इकाई | परिमाण | |
| | घर, गोठमा क्षति | संख्या | ९० | |
| | घर, गोठ बगाएको | संख्या | १२२ | |
| | विस्थापित घरधुरी | संख्या | ६०० | |
| | पशु क्षति | संख्या | १०६ | |
| | अन्नबाली क्षति | बिघा | २५० | |
| | खेतियोग्य जमिन कटान/डुवान | बिघा | १,३६८ | |
| | बिद्यालयमा क्षति | संख्या | ५ | |
| | मन्दिर बगाएका | संख्या | १ | |
| **२. हावाहुरी** | घर, गोठको छाना उडाएको | संख्या | १५,३१४ | |
| | बिद्यालय को छाना उडाएको | संख्या | ५ | |
| | साझा भवनको छाना उडाएको | संख्या | ९० | |
| | फलफुल तथा रुखहरु क्षति | संख्या | ६,००० | |
| **३. कृषिमा रोग** | अन्नबालीमा क्षति | बिघा | ५०० | धन, गहुं, उखु आदि |
| **४. बन्यजन्तु आतंक** | मानिसको मृत्यु | संख्या | २ | |
| | घर, गोठमा क्षति | | ७१ | |
| | अन्नबालीमा क्षति | बिघा | ९० | |
| **५. खडेरी** | कृषि उपजमा क्षति तथा खेती गर्न ढिलाई | बिघा | १५८ | ५०० घरधुरी प्रधावित |

**(श्रोत- LDCRP २०७५)**

### प्रकोपको बारम्बारताको तालिका

| प्रकोप | बारम्बारता | कैफियत |
|---|---|---|
| बाढी | २५ | मुख्य नदीहरुमा पानिको बहाब बढे सगै बर्षेनी डुबान, कटान, पटानको समस्या रहेको |
| हावाहुरी | ४ | तराई जिल्लामा गर्मीयामा प्रायजसो हावाहुरि को प्रकोप भैरहने |
| कृषिमा रोग किरा | | बेलाबेलामा बिचिन्न खाले किराहरुको आक्रमणबाट अन्नबाली, तरकारी तथा फलफुललाई क्षति पुराउने गरेको |
| वन्यजन्तु आंतक | ७ | बन्यजन्तु निकुन्ज नजिक रहेकाले बर्षेनी समस्या रहेको |
| खडेरी | ४ | प्राय बर्षहरुमा बाली उत्पादन समयमा पानी नपरेको कारण उत्पादनमा गिरावट हुने गरेको |

**(श्रोत- LDCRP २०७५)**

यस नगरपालिकाको विपद्को अवस्था विश्लेषण गर्दा सबैभन्दा बढी क्षति बाढीले गर्ने गरेको छ र यो  प्रत्येक बर्ष दोहरिने गरेकोछ । बाढीका कारण पूर्वाधारका संरचनाहरुमा क्षेती, बिद्यालय भवन र फर्निचरहरु मा क्षेती समेत पुग्ने गरेको छ । हावाहुरी, यो पालिकाका अधिकांश क्षेत्रहरु शुक्लाफांटा राष्ट्रिय निकुन्ज नजिक भएकाको कारण बन्यजन्तुको आक्रमणबाट मानवीय क्षेती लगायत अन्नबालीमा पनि बढि नोक्सानी हुने गरेकोछ। यस बाहेक हावाहुरी, शीतलहर, सुख्खा/खडेरी, आगलागी, चट्ट्याङ, असिना, कृषिमा रोग, सडक दुर्घटना, महामारी आदि प्रकोपबाट पनि उल्लेख्य क्षति भएको देखिन्छ ।

गत ४३ को अवधिमा २५ पटक भन्दा बढी साना र ठूला बाढीका घटनाहरू भएका छन् । चुरे पर्वत श्रृंखलाबाट उत्पन्न भई बग्ने स्याली, गौडी, सुनवरा, वनारा र दोदा यस क्षेत्रमा बग्ने मझौला तथा साना नदीहरु हुन भने टोटी नाला लगायतका अन्य

DRAFT

खोला नालाहरूले बर्षायाम माबाढी सिर्जना गर्दछन् । समुदाय संगको छलफल भएअनुसार जंगली जनावरहरूको लागि आवश्यक र पर्याप्त खानेकुराको अभाव बढ्दै गएकोले जंगली जनावरहरू वस्तीमा आई खेतिबाली नष्ट गर्ने गरेका छन् त्यसैगरी, छाडा छोडिएका पशुचौपायाहरूले समेत खेतमा लगाएको अन्नबाली नष्ट गर्ने गरेको छ । तरकारी, अन्नबाली र पशुचौपायाहरूमा रोग र किराको समस्या हुने गर्दछ । जलवायु परिवर्तनका कारण भविष्यमा मौसमजन्य प्रकोपहरूको प्रकृति, मात्रा र क्षति बढ्न सक्ने अनुमान गरिएको छ ।

## ३.२ कानूनी, नीतिगत तथा संस्थागत व्यवस्था

शुक्लाफाँटा नगरपालिकाबाट बिपद पूर्वतयारी तथा प्रतिकार्य योजना नगरपालिका बिपद व्यबस्थापन समिति मार्फत् व्यबस्थापन तथा कार्यान्वयन गराउनका लागी देहाय बमोजिमका निश्चित रणनीति तथा मान्यता अवलम्बनमा प्राथमिकता दिइनेछ । योजना निर्माण गर्दा विपद् व्यबस्थापन सम्बन्धी निम्न कानूनी तथा नीतिगत व्यबस्थाहरु समेत लाई अबलम्बन गरिएको छ ।

- नेपालको संविधान २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४
- विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५
- राष्ट्रिय विपद् प्रतिकार्यको कार्यढाँचा, २०७०
- दिगो विकास लक्ष्यहरू (२०१५-२०३०)
- विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना:२०१७-२०३०
- **शुक्लाफाटा नगरपालिका बिपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७५**
- विपद कोष सन्चालन तथा व्यवस्थापन कार्यविधि २०८०

## ३.३ प्रमुख प्रकोपहरु र प्राथमिकतामा रहेका प्रकोपहरु

शुक्लाफाँटा नगरपालिकाका १२ वटै बडाहरुका बिभिन्न ठाउहरुमा बिश्लेषण गरिए बमोजिम आगलागी, बाढी महामारी, हुरिबतास, शितलहर, वन्यजन्तु आंतक तथा खडेरी यहाँका प्रमुख प्रकोपहरुको रुपमा देखिएका छन् । बिषेशत ४,५ वटा प्रकोपहरुले यस नगरपालिकालाई प्रभाव गरेको पाइन्छ । आगलागी, बाढी महामारी, हुरिबतास, शितलहर, वन्यजन्तु आंतक तथा खडेरी यहाँका प्रमुख प्रकोपहरुको रुपमा देखिएका छन् । सबै प्रकोपको असर तथा प्रभाव फरक फरक हुने भएकोले पहिचान गरिएका हरेक प्रकोपको असर कुन तहको छ भनेर सहभागितामुलक स्तरीकरण मार्फत प्रकोपहरुको स्तरीकरण गरिएको र प्राथमिकरण गरिएको छ ।

### वडा अनुसार प्रकोपको स्तरीकरण

| प्रकोप को स्तर | वडाहरु | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| १ | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी |
| २ | हावाहुरी | खडेरी | हावाहुरी | खडेरी | असिना | खडेरी | वन्यजन्तु आंतक | सितलहर | असिना | हावाहुरी | खडेरी | खडेरी |
| ३ | असिना | असिना | असिना | हावाहुरी | हावाहुरी | हावाहुरी | हावाहुरी | असिना | हावाहुरी | वन्यजन्तु आंतक | वन्यजन्तु आंतक | वन्यजन्तु आंतक |
| ४ | वन्यजन्तु आंतक | वन्यजन्तु आंतक | वन्यजन्तु आंतक | आगलागी | खडेरी | आगलागी | असिना | वन्यजन्तु आंतक | वन्यजन्तु आंतक | असिना | हावाहुरी | कृषिमा रोग |

**(श्रोत- LDCRP २०७५)**

### नगरपालिकाको प्रकोपको जोडागत स्तरिकरण

| प्रकोप | बाढी | खडेरी | वन्यजन्तु आंतक | आगलागी | शितलहर | चटयाङ | हावाहुरी | महामारी | कृषिमा रोग किरा किरा |
|---|---|---|---|---|---|---|---|---|---|
| **बाढी** | | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी |
| **खडेरी** | | | वन्यजन्तु आंतक | खडेरी | खडेरी | खडेरी | हावाहुरी | खडेरी | कृषिमा रोग किरा |
| **वन्यजन्तु आंतक** | | | | वन्यजन्तु आंतक | वन्यजन्तु आंतक | वन्यजन्तु आंतक | हावाहुरी | वन्यजन्तु आंतक | कृषिमा रोग किरा |
| **आगलागी** | | | | | शितलहर | आगलागी | हावाहुरी | महामारी | कृषिमा रोग किरा |
| **शितलहर** | | | | | | शितलहर | हावाहरी | शितलहर | कृषिमा रोग किरा |
| **चटयाङ** | | | | | | | हावाहुरी | महामारी | कृषिमा रोग किरा |
| **हावाहुरी** | | | | | | | | हावाहरी | कृषिमा रोग किरा |
| **महामारी** | | | | | | | | | कृषिमा रोग किरा |
| **कृषिमा रोग किरा** | | | | | | | | | |
| | ९ | ४ | ५ | २ | ३ | १ | ७ | ३ | ६ |
| | **पहिलो** | **पाचौ** | **चौथो** | | | | **दोश्रो** | | **तेश्रो** |




(श्रोत- LDCRP २०७५)

## ३.४ सम्भाव्य प्रकोपको आँकलन तथा सम्भावित प्रभाव क्षेत्रको नक्शाङ्कन

यस शुक्लाफाँटा नगरपालिकामा विद्यमान प्रकोपहरु मध्ये सवभन्दा ठुलो विपद् को रुपमा बाढी देखिएकोले बाढीलाई मुख्य प्रकोपको रुपमा स्तरीकरण गरिएको छ भने कृषि रोग, हावाहुरी बन्यजन्तुको आक्रमण, खडेरी, शितलहर, महामारी, आगलागी र चट्याँग रहेका छन् । स्तरीकरणको क्रममा ९ अंकलाई उच्च जोखिम, ७ अंकलाई जोखिम र ६ अंकलाई मध्यम जोखिम मानिएको छ भने ५ र ४ अंकलाई न्यून जोखिममा राखिएको छ । यस बिश्लेषणबाट नगरपालिका का लागि पूर्वतयारी तथा प्रतिकार्यका कृयाकलापको पहिचान तथा प्राथमिकता निर्धारण गरी भावी योजना तर्जुमा गर्नमा मद्दत पुग्नेछ ।

## ३.५ विपद् सङ्कटासन्नता तथा क्षमता विश्लेषण

नगरपालिकाका वडाहरुमा बाढी मुख्य प्रभावको कुरा गर्दा मानिसहरु को मृत्यु एबं घाइते, सयौ बिगाहा जग्गा जमिन कटानी, पटानी, बाटाघाटा, पुल, बनजंगल, बिद्यालय आदि जस्ता भौतिक पूर्वाधारहरुको क्षति, घरपालुवा जनावरहरु घाइते एवं मृत्यू आदि निम्त्याइरहेको छ । जसको फलस्वरुप बहुसख्यक मानिसहरुको जिबिकोपार्जन नकारात्मक असर परिरहेको छ । साथै बिभिन्न पूर्वाधारहरुको क्षतिका कारण नगरपालिकाको बिकासमा नकारात्मक असर परेको छ। त्यस्तै बिगतका बर्षहरुमा समय समयमा जंगलीजनावरको आतंकले मानिसहरुको मृत्यु समेत निम्त्याइसकेको छ। आगलागीका कारण मुख्यतया मानिसका घर र सम्पतिहरु प्रभावित हुने गरेको छन भने खडेरी तथा कृषिमा किराको प्रकोपका कारण अन्नबालीमा प्रत्यक्ष असर गरी अन्न उत्पादनमा कमि भई आर्थिक समस्या पर्ने कारण धेरै मानिसहरु जिबिकोपार्जनका बैकल्पिक उपायको खोजिमा छन । यस्तै चैत्र बैशाखमा आउने हावाहुरिले गर्दा घर साथै बिद्यालयका छाना उडाउने गरेको छ र अन्नबाली लाई समेत प्रभाबित गर्ने गरेको पाइएको छ । यस नगरपालिकाको मुख्य प्रकोप, यसका कारण, प्रभाव तथा समाधानका उपायहरु, प्रकोपबाट उत्पन्न हुने समस्याहरु, सङ्कटासन्नता, क्षमता का साथै यिनीहरु बीचको दुरी तल तालिका मा उल्लेख गरिएकोछ ।

## ३.६ विपद् जोखिम आंकलन तथा नक्शांकन

सहभागीतामुलक प्रकोप तथा स्रोत नक्सांकन सहभागितामुलक नक्शाको माध्यमबाट यस शुक्लाफाँटा नगरपालिकाको वडामा रहेका स्रोत तथा प्रकोपहरुको विश्लेषण गरिएको छ । नगरपालिका मा भएका बिभिन्न साना तथा मझौला नदी तथा खोलानालाका कारण बर्षायाममा नगरपालिकाका लगभग सबै वडाहरु डुवान तथा खेतीयोग्य जमीन लगायत बनपैदावार कटान हुने जोखिममारहेका छन् । अधिकांश स्थानमा तटबन्ध निर्माण नगरिएकोले वर्षेनी कटान हुँदा जमिन बगरको रुपमा रुपान्तरण भएको छ र नदीको फैलावट पनि बढ्दोछ । नगरपालिका बजारउन्मुख क्षेत्रहरु बाहेक लगभग सबैजसो घरहरु कच्ची संरचना भएको र भूकम्पीय जोखिमलाई मध्यनजर गरेर संरचना निर्माण गर्ने अभ्यास समेत नभएकाले अधिकांश घरहरु अत्यन्तै संवेदनशीलर भूकम्पीय दृष्टिकोणले उच्च जोखिममा रहेकाछन् । अधिकांश सडक हरु साँघुरा मोड र चौंडाइ सानो भएका र वढ्दो सवारी चापका कारण सडक दुर्घटनाका घटनाहरु बढीरहेको छ । उल्लेखित प्रकोपका अतिरिक्त महामारी, हावाहुरी, आगलागी, चट्याङ, असिना आदिका कारणले पनि नागरिकहरुलाई बेलाबेलामा समस्यामा पारेको अवस्था छ । बिभिन्न प्रकोपहरुको जोखिम आगामी दिनमा अझै बृद्धि हुनसक्ने सम्भावना रहेको देखिन्छ । यस सन्दर्भमा स्थानीय तहको सूचना सङ्कलन गरी तथ्याङ्क तथा सूचनाको विश्लेषण तथा विगतका बर्षहरुका घटनाहरु समेतको आधारमा खासगरी भूकम्प, बाढी, हावाहुरी, कृषिमा रोग किरा, बन्यजन्तुको आक्रमण, खडेरी, आगलागी आदि प्रकोपहरु बाट प्रभावित हुन सक्ने परिवार तथा जनसंख्याको पूर्वानुमान निम्नअनुसार गरिएको छ ।

| प्रकोपको घटना | प्रभावित हुनसक्ने परिवार | प्रभावित हुनसक्ने जनसंख्या | कैफियत |
|---|---|---|---|
| भूकम्प | १,२०० | ६,५०० | ठुलो भूकम्प आएमा प्रभाव बढ्ने |
| बाढी | १,५०० | ७,५१३ | |
| हावाहुरी | ४९२ | २,६०० | प्रकोपको तिब्रता अनुसार थपघट हुन सक्ने |
| कृषिमा रोग किरा | ५७० | ३,००० | |
| वन्यजन्तु आतंक | ४५० | २,००० | |
| खडेरी | १५० | ८०० | प्रकोपको तिब्रता अनुसार थपघट हुन सक्ने |
| आगलागी | ३० | १५० | हावाहुरीको प्रकोपले समेत प्रभाव पार्ने |
| **सम्भावित प्रभावित कुल** | **४३९२** | **१६,०६३** | |

## ३.४ प्रकोप पूर्वानुमान तथा पूर्वसूचना प्रणाली विश्लेषण

यस नगरपालिकाको विपद शाखाले बाढीको अवस्था सम्बन्धी सूचना लिनेदिने गर्दछ । नदी सतह गेज रिडर तथा बर्षामापकहरुलाई सिधै सम्पर्क गरी र सूचना प्राप्त **गरि आपतकालीन कार्य संचालन केन्द्र शुक्लाफाटाको फेसबुक पेज,वार्ड न. ५,८ र १२ मा आधुनिक साइरन मार्फत तथा, नेपाल रेडक्रस सोसाईटीको प्राबिधिक सहयोगमा निर्माण भएको पुर्ब सुचना संयन्त्र मार्फत पनि सुचना दिने गरिन्छ ।** चुरे जलाधार क्षेत्रमा हुने अत्यधिक बर्षाका कारण पालिका भित्र पर्ने स्याली, गौडी, सुनवरा, बनारा र दोदा जस्ता साना तथा मझौला नदी तथा अन्य खोलानाला मा आउने बाढीले सबै वडाहरुमा कटान, डुवान गरि बर्षेनी ठूलो धनजनको क्षति हुने गरेकोछ । नगरपालिकामा स्थानीय आपतकालीन कार्यसञ्चालन केन्द्रको स्थापना हुने तयारीमा रहेको छ ।

## ३.८. सरोकारवाला संस्थाहरू

यस नगरपालिकामा कार्यरत विभिन्न सरकारी तथा गैरसरकारी संघसस्थाहरु र तिनले गर्ने काम तथा सेवा र सहयोगले यस क्षेत्रको विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकूलन कार्यलाई कस्तो सहयोग पुग्छ भनी संस्थागत नक्शाङ्कन गरिएको छ । यसका आधारमा नगरपालिकामा विपद् जोखिम न्युनीकरण, पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभका कार्यहरुमा संलग्न हुने विषयगत कार्यालयहरु, सरोकारवाला तथा संघसंस्थाहरुको संस्थागत समन्वय र सहकार्य ढाँचा निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

| सेवाप्रदायक संस्था र ठेगाना | विपद् जोखिम व्यवस्थापनका लागि सम्बन्धको महत्व तथा प्राप्त हुनसक्ने सहयोग |
|---|---|
| **(क) नगरपालिका तहमा** | |
| शुक्लाफाँटा नगरपालिका कार्यालय, झलारी | नगरपालिका स्तरीय योजना तर्जूमा तथा विकास निमार्णका क्रियाकलापमा विपद् मुल प्रवाहिकरण गर्ने, स्रोतको परिचालन गर्ने, प्राविधिक सहयोग गर्ने, विपद् व्यवस्थापनतथा प्रतिकार्य योजना लाई कार्यान्वियन तथा समिक्षा गर्ने, समुदाय, जिल्ला तथा राष्ट्रिय स्तरका सरकारी, गैर सरकारी तथा अन्य सरोकारवाला निकाय संग सर्म्पक समन्वय गर्ने । |
| सबै बिषयगत निकाय/क्षेत्रहरु | उद्धार तथा राहत, सूचना व्यवस्थापन, खाद्यान्न, आवास, खानेपानी, सरसफाइ तथा स्वास्थ्य प्रवर्द्धन, सुरक्षा तथा संरक्षण, शिक्षा समूहले आ-आफ्नो क्षेत्रको जिम्मेवारी लिई मानवीय सहयोगको कार्य व्यवस्थित र प्रभावकारी रुपमा गर्ने र क्षेत्रगत अवधारणा अनुरुप विपद् बाट विस्थापित समुदायलाई मानवीय सहयोग उपलब्ध गराउने । |
| न.पा. अन्तर्गत्का स्वास्थ्य शाखा,स्वास्थ्य चौकीहरु, शहरी स्वास्थ्य केन्द, आधारभूत स्वास्थ्य केन्द्र, कोभिड अस्पताल, आर्युबेदिक अस्पताल | घाईतेहरुको प्राथमिक उपचार, मनोपरामर्श तथा स्वाथ्य सम्वन्धि जनचेतना मूलक कार्यक्रम |
| पशुसेवा केन्द्र | पशु उपचार तथा परार्मश, विपद्को कारण मरेका शवको व्यबस्थापन |
| कृषि सेवा केन्द्र | विउ विजन तथा प्राविधिक सहयोग |
| ईलाका बन कार्यालय | आर्थिक सहयोग, काठको सहयोग, नर्सरी तथा बृक्षारोपणमा सहयोग |
| ईलाका बन कार्यालय | आर्थिक सहयोग, काठको सहयोग, नर्सरी तथा बृक्षारोपणमा सहयोग |
| सशस्त्र प्रहरी बल शैलेश्वरि गण | सिमा सुरक्षा, शान्ति सुरक्षा, खोज तथा उद्धार कार्य, तथ्याङ्क संकलन |
| भवानी बक्स गण सुरक्षा गुल्म | शु.रा.ब. निकुञ्ज सुरक्षा, खोज तथा उद्धार कार्य |
| नेपाल रेडक्रस सोसाइटी STRONG परियोजना | विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन, विपद पूर्व तयारी तथा प्रतिकार्य क्षेत्र । पुर्ब सुचना प्रणाली ,LEOC स्थापना ,स्थानीय ऐन तथा कानुन निर्माणमा प्राबिधिक सहयोग |
| नेपाल राष्ट्रिय समाज कल्याण संघ (NNSWA) | अपाङ्गता समावेशी विकास, शारिरीक पुर्नस्थापना, सुआहारा कार्यक्रम, मलेरिया, टि.बी. चेकजांच तथा रोकथाम, PWID & Linkages र विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन, जलवायु अनुकुलन तथा विपद पूर्व तयारी तथा प्रतिकार्य क्षेत्र । |
| बैजनाथ सामुदायिक बन उपभोक्ता समुह | बन संरक्षण, आय आर्जन, जीविकोपार्जन, पर्यटन पैवर्ध, जैविक विविधता संरक्षण, संस्थागत विकास, शुसासन तथा क्षमता अभिबृद्धि र सामुदायिक विकास कार्यक्रमहरु |
| वन समुदाय | आर्थिक सहयोग, काठको सहयोग,नर्सरी सहयोग |
| वैंक तथा वित्तीय संस्थाहरु | आर्थिक कारोवार, ऋण तथा वचत |
| सहकारी | आर्थिक कारोवार, ऋण तथा वचत |
| विद्यालयहरु | आपतकालिन शिक्षा, सुरक्षित स्थानका लागि प्रयोजन |
| आमा समुह | समुदायस्तरमा स्वास्थ्य सम्वन्धि जनचेतना, महिला तथा बालबालिकाहरु लाई मनोपरामर्श |
| वाल विकास केन्द्र | बालवालिकालाई पठन पाठन तथा सुरक्षित स्थानका लागि सहयोग, क्षति विवरण संकलनमा सहयोग, मनोपरामर्श |
| राजनीतिक दल | योजना तर्जुमा सहयोग, स्रोत खोज्नमा सहयोग, विपद् व्यवस्थापनका लागी दवाव सृजना गर्न सहयोग, विकास निर्माण कार्यमा सहयोग, नीति निर्माणमा सहयोग |
| पत्र पत्रिका तथा अन्य सञ्चार माध्यम | भरपर्दो सुचना प्रवाह गर्न, क्षति विवरणको पारदर्शिता एकिन, विपद् व्यबस्थापनका लागी दवाव सृजना गर्न सहयोग |
| **(ख) जिल्ला तहमा** | |
| जिल्ला प्रशासन कार्यालय/जिल्ला विपद् व्यबस्थापन समिति | शान्ति सुरक्षा कायम गर्न, नीति नियमहरु लागु गर्न, साधन स्रोत परिचालन मा सहयोग, आपतकालीन अबस्थामा सूचना, सम्पर्क तथा समन्वय, राहत वितरणमा आधिकारिक तथ्याI Plsg ug{ / जिल्लाका विपद् संग सम्वन्धित जिल्ला स्तरका निर्णयहरु, विपद् संग सम्वन्धित तथ्यांकहरुको जानकारि, |
| जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्र (DEOC) | जिल्ला स्थित बिभिन्न नदीनालाहरुमा बाढीको स्थितिको जानकारि, तल्लोतटिय क्षेत्रहरुमा पुर्वसूचना प्रणाली बारे जानकारि, क्षति विवरण, बिपद जोखिमबारे आबश्यक सूचना प्रवाह, |
| नेपाल रेडक्रस सोसाइटी, कञ्चनपुर शाखा | विपद् को समयमा खोज तथा उद्धार, प्राथमिक उपचार तथा राहत सामाग्री वितरण |
| जिल्ला समन्वय समिति | जिल्लास्तरका योजना तर्जुमामा सहयोग, स्रोत व्यवस्थापनमा तथा परिचालन मा सहयोग, विकास निर्माण कार्यमा सहयोग, सर्म्पक समन्वयमा सहयोग |

| सेवाप्रदायक संस्था र ठेगाना | विपद् जोखिम व्यवस्थापनका लागि सम्बन्धको महत्व तथा प्राप्त हुनसक्ने सहयोग |
|---|---|
| स्वास्थ्य विकास तथा समन्वय इकाई | विपद् को समयमा थप औषधीको व्यवस्थापन, घुम्ती शिविरहरु सञ्चालन, आबश्यक स्वास्थ्य टोलीहरु खटाउनु |
| शिक्षा विकास तथा समन्वय इकाई | आपतकालीन शैक्षिक सामाग्रीहरु, आपतकालीन पठनपाठनको व्यवस्था गर्न, विपद् सम्वन्धि स्थानीय स्तरमा पाठ्क्रम तयार गर्नु, क्षति पुगेका विद्यालय भवन निर्माण तथा फर्निचर सहयोग |
| जिल्ला प्रहरी कार्यालय | शान्ती सुरक्षा, खोज तथा उद्धार, क्षतिको आंकलन तथा तथ्यांक संकलनमा थप सहयोग |

## ३.९ विषयगत क्षेत्रहरु

नगरपालिका विपद् व्यवस्थापन समितिको बैठकको निर्णयबमोजिम ५ वटा बिषयगत क्षेत्रहरू निर्धारण गरिएको छ । यस अवधारणाको कार्यान्वयन गर्न नगरपालिकाका लागि वर्तमान समयमा चुनौती देखिए पनि कार्यविभाजनको स्वरुपलाई स्वीकार गर्दा प्रभावकारिता र जिम्मेवारी बोध हुने भएकोले क्षेत्रगत अवधारणा अनुरुप योजना तर्जूमा गरिएको छ ।

### ३.९.२ विषयगत क्षेत्रको नेतृत्व गर्ने निकाय र सदस्यहरू

विपद् व्यवस्थापनका सम्बन्धमा बिषयगत क्षेत्रको क्षेत्रगत समुह (Cluster) निर्धारणबारे नगर विपद् व्यवस्थापन समितिले गरेको निर्णयअनुसार निम्न ५ वटा बिषयगत क्षेत्रहरू, क्षेत्रगत अगुवा र क्षेत्रगत सदस्य निकाय तोकी सम्पर्क व्यक्तिहरूको विवरण समेत योजनामा समाविष्ट गरिएकोछ ।

| क्र.सं. | बिषयगत क्षेत्र | क्षेत्रगत अगुवा | क्षेत्रगत सदस्यहरू |
|---|---|---|---|
| १ | समन्वय, सूचना व्यवस्थापन, खोज तथा उद्धार | शुक्लाफाँटा नगरपालिका | सुरक्षा निकाय, नेपाल रेडक्रस, नेपाल पत्रकार महासंघ, एफ.एम. रेडियो, स्थानीय वडाहरु, तालिम प्राप्त कार्यदल, वडास्तरीय विपद् व्यवस्थापन समिति/कार्यदल, नागरिक समाज, गै.स.स. |
| २ | खाद्य तथा कृषि | कृषि सेवा केन्द्र | वडा तहहरू, उद्योग वाणिज्य संघ, गै.स.स |
| ३ | आवास तथा गैर खाद्य | नेपाल रेडक्रस सोसाइटी | शुक्लाफाँटा नगरपालिका, वडा तहहरु, सुरक्षा निकाय, गै.स.स |
| ४ | स्वास्थ्य, खानेपानी, स्वच्छता तथा पोषण | स्वास्थ्य कार्यालय | शुक्लाफाँटा नगरपालिका, वडा तहहरु, खानेपानी संस्थान, नेपाल रेडक्रस, स्वास्थ्य चौकी, आयुर्वेदिक औषधालय गै.स.स महासंघ |
| ५ | शिक्षा तथा संरक्षण | शिक्षा समन्वय इकाई | शुक्लाफाँटा नगरपालिका, वडा तहहरु, बिद्यालय, पत्रकार महासंघ, गै.स.स महासंघ |

DRAFT

# सामान्य पूर्व तयारी योजना (सम्पूर्ण विषयगत क्षेत्रहरुका लागि)

## ४.१ प्राथमिकता प्राप्त पूर्वतयारी

स्थानीय विपद् व्यवस्थापन समितिल गर्नु पर्ने बिभिन्न कृयाकलापहरु मध्ये विपद्को सम्भावना र त्यसबाट हुनसक्ने जनधनको क्षति कम गर्नका लागी पूर्वतयारीका विभिन्न गतिविधिहरु गर्नु पर्दछ । विपद् पूर्वतयारीका साथै विकास प्रक्रियामा विपद् जोखिम न्यूनीकरण मूलप्रवाहीकरण गर्ने सोच अघि बढाउन र यस योजनाको नियमित रूपमा अध्यावधिक गर्न निम्न क्रियाकलापहरु प्राथमिकरण गरिएको छ ।

| क्र.सं. | पूर्वतयारी क्रियाकलाप | प्रमुख जिम्मेवारी | सहयोगी निकाय | समयावधि | अनुमानित लागत |
|---|---|---|---|---|---|
| १ | स्थानीय विपद् व्यवस्थापन समितिको बैठक नियमित रुपमा सञ्चालन गर्ने | नगरपालिका | नगर विपद् व्यवस्थापन समिति | फागुण मसान्त भित्र | रु. १०,००० |
| २ | पूर्वतयारी र प्रतिकार्य गतिविधिहरूका लागि आवश्यक मानव तथा वित्तीय स्रोतहरू पहिचान गर्ने | नगरपालिका | नगर तथा वडास्तरीय विपद् व्यवस्थापन समिति | माघ मसान्त | |
| ३ | १२ वटै वडाबाट ६ जना युवालाई खोज तथा उद्वार तालिम उपलब्ध गराउन नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा उपशाखा र सशस्त्र प्रहरी बल संग समन्वय गरी तालिम सम्पन्न गर्ने | नगरपालिका | स्था.वि.व्य.स., योजना शाखा,NNSWA | बैशाख | रु. ४००,००० |
| ४ | आपतकालीन अबस्थामा आवश्यकता लेखाजोखाका लागि प्रशिक्षित जनशक्ति तयार गर्ने | नगरपालिका | स्था.वि.व्य.स., रेडक्रस, जिल्ला, वडास्तरिय विव्यस, नेपाल प्रहरी | फागुन | रु. २५०,००० |
| ५ | खोज तथासामाग्री भण्डारणका लागि अस्थायी आपतकालिन आश्रयस्थल, भण्डारण गृह र भण्डारण स्थलको पहिचान गर्ने | नगरपालिका | वडा समिति, स्था.वि.व्य.स., खोज तथा उद्धार, पूर्वसूचना र समन्वय विषयगत क्षेत्र | असोज | आबश्यक्तानुसार |
| ६ | स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्रको स्थापना गरी भविष्यमा २४ घण्टा सञ्चालनमा ल्याउने । | नगरपालिका | स्था.वि.व्य.स., खोज तथा उद्धार, पूर्वसूचना र समन्वय विषयगत क्षेत्र | चैत्र | रु. ५००,००० |
| ७ | पालिकास्तरीय विपद् व्यवस्थापन कोषको परिचालन तथा स्थायित्वको लागि बैंक खाता सञ्चालन गरी परिचालन गर्ने | नगरपालिका | नगरपालिका स्था.वि.व्य.स. | माघ | |
| ८ | **विपद सम्बन्धि सामुदायिक बिद्यालयमा अभिमुखीकरण तालिम** | नगरपालिका | शिक्षा विषयगत क्षेत्र, वडा कार्यालय | जेठ | रु. २००,००० |
| १० | अस्पताल तथा अन्य स्वास्थ्य संस्थाहरुमा आपतकालीन अवस्थाको लागि औषधी तथा सामग्रीहरुको जोहो गरिराख्ने । | नगरपालिका | नगरपालिका, स्वास्थ्य शाखा, स्वास्थ्य संस्थाहरु | नियमित | आवश्यकता अनुसार |
| १२ | पूर्वानुमानमा आधारित बाढी पूर्व तयारी र प्रतिकार्यको लागि स्वयंसेवकहरुको क्षमता अभिवृद्धि गर्ने | नगरपालिका | योजना शाखा, नेपाल रेडक्रस सोसाइटी/NNSWA | जेष्ठ भित्र | रु.३००,००० |
| १३ | प्रारम्भिक लेखाजोखा, मुल्याङ्कन र विस्तृत घरधुरी सर्वेक्षण फारम तथा प्रारूप तयार गर्ने । | नगरपालिका | स्था.वि.व्य.स., नेपाल रेडक्रस सोसाइटी/NNSWA | पौष भित्र | आबश्यक्तानुसार |
| १४ | पूर्वसूचना प्रणाली, ट्रिगर स्तर तथा मौसम पूर्वानुमानको बारेमा समुदायलाई सचेत गराउने | नगरपालिका | स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र, वडास्तरीय विपद् व्यवस्थापन समिति | जेठ | रु. १००,००० |

DRAFT

| क्र.सं. | पूर्वतयारी क्रियाकलाप | प्रमुख जिम्मेवारी | सहयोगी निकाय | समयावधि | अनुमानित लागत |
|---|---|---|---|---|---|
| १५ | विपद् जोखिम व्यवस्थापनबारे समुदायमा जनचेतना अभिवृद्धि गर्ने र सरोकारवालाको क्षमता विकासका लागि काम गर्न संस्थाहरूबीच समन्वय गरी निजी क्षेत्रसमेतको सहभागिता सुनिश्चित गर्ने । | नगरपालिका | स्था.वि.व्य.स. | नियमित (हरेक बर्ष) | रु. ३००,००० |
| १६ | हरेक वडाका सामुदायिक विपद् व्यवस्थापन समितिहरुलाई वडा कार्यालयमा सूचीकृत गर्ने । | नगरपालिका | वडा कार्यालय | पौष मसान्त | ६०००० |
| १७ | विपद् पूर्वसूचनालाई थप व्यवस्थित र प्रभावकारी रुपले कार्यावयन गर्न बाढीग्रस्त क्षेत्रका माथिल्लो तटीय क्षेत्र र तल्लो तटीय क्षेत्रका प्रतिनिधिबीच अन्तरक्रिया गर्ने | नगरपालिका | सम्बन्धित वडाका वडा अध्यक्ष | चैत्र भित्र | रु. ५०,००० |
| १८ | नगरपालिका भित्र कमसेकम १ स्थानमा हेलीप्याड निर्माण गर्ने | नगरपालिका | योजना शाखा, राजनीतिक दलहरु, जि. प्रशासल कार्यालय | चैत्र मसान्त | रु.२००,००० |
| १९ | खानेपानी निर्मलीकरण र दूषित हुनबाट रोकथामको बारेमा जन समुदायलाई जागरुक बनाउने | नगरपालिका | स्वास्थ्य तथा खानेपानी क्षेत्र | निरन्तर | रु. ५०,००० |
| २० | समुदाय स्तरमा बाढीको कृत्रिम घटना अभ्यास सम्पन्न गर्ने | नगरपालिका | स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र, विपद् व्यवस्थापन शाखा, नेरेसो | बैसाख जेठ | रु. १००,००० |

DRAFT

# परिच्छेद ५

## पूर्वानुमानमा आधारित पूर्वतयारी योजना (बाढी)

### ५.१ विपद्को अवस्था र मान्यता योजना

नगरपालिका स्थित विभिन्न सरकारी एवम् गैरसरकारी निकायहरूबीच विभिन्न औपचारिक तथा अनौपचारिक छलफल पश्चात् यस नगरपालिका क्षेत्रमा हालसम्म देखिँदै आएका प्रकोपहरूमध्ये बाढी लाई मध्यनजर गरी नगर विपद् व्यवस्थापन समिति, शुक्लाफाँटाको आयोजनामा विपद्को निम्न अवस्था र मान्यता तथा चुनौती अनुरुप ljkb\\\\ Joj:yfkg tyf k|ltsfo{ of]hgf तयार गरिएको छ । कञ्चनपुर र देशको अन्य बाढी जोखिम क्षेत्रहरुमा सञ्चालित पूर्वसूचना प्रणाली पूर्णरुपले नदी र वर्षाको तात्कालिक अनुगमनमा आधारित छन् । यस सामान्य प्रणालीको एक प्रमुख कमजोरी विशेष गरेर चुरेबाट उत्पन्न भएका नदीहरुको बाढी विपद् प्रतिकार्यका लागि ज्यादै कम समय (२, ३ घण्टा भन्दा पनि कम) उपलब्ध हुनु हो । यस नगरपालिकामा वर्षायामा आउने वर्षातका कारण पालिका भित्रका नदी तथा खोला हरुमा अचानक आउने बाढीको कारण प्रायजसो धेरै प्रभावित हुने गर्दछ, त्यसैले जिल्लाको बाढी पुर्वानुमान मुख्यतया वर्षा तथा बाढीको थ्रेसहोल्डमा आधारित छ ।

कञ्चनपुर जिल्लामा पूर्वसूचना प्रणाली विषेशगरी नदी तटिय क्षेत्रहरुका केहि क्षेत्रहरुमा समुदायमा आधारित वाढी पूर्व सूचना प्रणाली स्थापना भएका छन् । बाढी पूर्व सूचना मुख्यतया महाकाली र दोदा नदीहरुमा रहेका जलमापन केन्द्र र वर्षामापन केन्द्रमा आधारित छ । नेपालको पहिलो मौसमी राडार सुर्खेत जिल्लाको राता नाङ्लामा स्थापना भएको छ यसले अनुमानित बर्षाको मात्रा उपलब्ध गराउँछ जुन छोटो समयको पूर्वानुमानमा उपयोगी छ ।

#### (क) १० दिनको पूर्वानुमानद्वारा शुरू हुने पूर्वतयारी र प्रारम्भिक कार्य

| ट्रिगर लेभल | पूर्वतयारी क्रियाकलाप | जिम्मेवार निकाय |
|---|---|---|
| उच्च | जल तथा मौसम विज्ञान विभाग कार्यालयद्वारा जारी भएको मौसम पूर्वानुमान बारेमा क्लस्टर प्रमुख तथा उपप्रमुखहरूलाई जानकारी दिने | नगरपालिका, नेपाल रेडक्रस सोसाइटी, स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र |
| | सन्निकट बाढीसँग सम्बन्धित सूचनाको सँगठन भित्र अन्तरिक सूचना प्रवाह गर्ने | नगरपालिका, नेपाल रेडक्रस सोसाइटी, स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र |
| | आश्रय स्थलमा आपतकालीन सामग्रीहरु, गैरखाद्य पदार्थ, खाद्यान्न, पानी र औषधि भण्डारण पहिले नैं तयारी हालतमा राख्ने र आवश्यक परेका बेला समुदायलाई तुरुन्तै उपलब्ध गराउने | विषयगत क्षेत्र प्रमुखहरु, सहयोगी निकाय |
| | स्वास्थ्य केन्द्रहरु, शिक्षा केन्द्र, र आश्रयस्थल जस्ता अस्थायी सुविधाका लागि स्थलगत योजना बनाउने | विषयगत क्षेत्र प्रमुख, सहयोगी निकाय, नेपाल रेडक्रस सोसाइटी |
| | महत्वपूर्ण राहत प्याकेज र प्रारम्भिक प्राथमिकता सहायता पहिचान गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी |
| | सम्बन्धित क्षेत्रमा बाढीको सम्भावनाबारे समुदायमा आधारित विपद् व्यवस्थापन समितिहरु र कार्यदलहरुलाई सुसूचित गर्ने | स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र, वडास्तरीय विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी |

| ट्रिगर लेभल | पूर्वतयारी क्रियाकलाप | जिम्मेवार निकाय |
|---|---|---|
| | क्षेत्र (नदीको तट नजिक बसोबास गरिरहेका मानिसहरु सबैभन्दा असुरक्षित हुन्) देखि बाढीको कारण विस्थापित हुनसक्ने सम्भावित जनसंख्याको पहिचान गर्ने | नेपाल रेडक्रस सोसाइटी, सुरक्षा निकाय, गैरखाद्य तथा आवास व्यवस्थापन विषयगत क्षेत्र |
| | कृषकहरूलाई धान रोप्न एक हप्ता ढिलो गर्न सूचित गर्ने कृषकहरूलाई बाली/तरकारी/फलफूल/माछा उपजबारे सूचित गर्ने कृषकहरूलाई माछा पोखरी, पशुपालन, कुखुरा फारम सुरक्षा गर्न सूचित गर्ने | कृषि तथा खाद्यसुरक्षा विषयगत क्षेत्र, नेपाल रेडक्रस सोसाइटी, कृषक समूहहरु, सञ्चार माध्यम |
| | समुदायको सहज पहुँचको लागि झटपट झोला र पानी नछिर्ने कागजात थैली र त्यस्तै संचित सामाग्री सामुदायिक विपद् व्यवस्थापन समिति कार्यालय वा अन्य ठाउँहरूमा तयार गर्ने | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाहरु, नेपाल रेडक्रस सोसाइटी |
| | आपतकालीन औषधि, प्राथमिक उपचार किट र स्वास्थ्य किट स्थानीय स्वास्थ्य केन्द्रलाई उपलब्ध गराउने | नगरपालिका, स्वास्थ्य, खानेपानी, सरसफाइ र पोषण विषयगत क्षेत्र, स्वास्थ्य क्षेत्रमा कार्यरत गैससहरु |
| | अस्थायी शिविर र टेन्ट सुरक्षित स्थानमा निर्माण गर्ने | सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाइटी, स्थानीय स्वयंसेवकहरु |
| | तयारी खाद्यपदार्थको प्याकेजिङ्ग र पहिचान गरिएको संकटासन्न समुदायमा भण्डारण गर्ने | खाद्य तथा कृषि विषयगत क्षेत्र, उद्योग बाणिज्य संघ, पेशागत व्यवसायिक संघ संस्थाहरु |
| मध्यम | संकटासन्न बस्ती र टोलका उपयुक्त स्थानमा प्राथमिक उपचार किट र क्लोरिन झोल (पानी शुद्धिकरणका लागि) भण्डारको व्यवस्था गर्ने | स्वास्थ्य, खानेपानी, सरसफाइ तथा पोषण विषयगत क्षेत्र |
| | रेडक्रस उपशाखामा आपतकालीन औषधि मौज्दात राख्ने | नेपाल रेडक्रस सोसाइटी, क्लस्टर प्रमुख |
| | सुरक्षित मार्ग, परिवहन वाहन, डुङ्गा आदिको योजना बनाउने | नेपाल रेडक्रस सोसाइटी, क्लस्टर प्रमुख |
| | प्रारम्भिक द्रुत लेखाजोखा, मुल्याङ्कन घरधुरी सर्वेक्षण विवरण फारम र सामग्रीको मुद्रण कार्य गर्ने | क्लस्टर प्रमुखको समन्वयमा सम्बन्धित सबै लाइन एजेन्सीहरु |
| | सुरक्षित घर र शिविर व्यवस्थापन टोली बनाउने | नगरपालिका, नेपाल रेडक्रस सोसाइटी, गौरखाद्य तथा आवास व्यवस्थापन विषयगत क्षेत्र |
| | महिला, बालबालिका, जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुका लागि विशेष व्यवस्था गर्ने | संरक्षण विषयगत क्षेत्र, महिला, बालबालिकाका क्षेत्रमा कार्यरत गैससहरु |
| | आवश्यक परिमाणमा ड्राई फुड जस्तै नुडल्स, बिस्कुट, दालमोठ, चिउरा आदिको व्यवस्था गर्ने | नगरपालिका, उद्योग बाणिज्य संघ, नेपाल रेडक्रस सोसाइटी |
| | स्थानीय विपद् पूर्वतयारी तथा प्रतिकार्य टोली र द्रुत प्रतिकार्य टोली आगामी दिनहरुमा पूर्वानुमान र आफ्ना सम्भावित भूमिका र जिम्मेवारीबारे सजग छन् भन्ने सुनिश्चित गर्ने | विषयगत क्षेत्र प्रमुखहरु, स्थानीय गैससहरु |

| ट्रिगर लेभल | पूर्वतयारी क्रियाकलाप | जिम्मेवार निकाय |
|---|---|---|
| | स्थानीय विपद् व्यवस्थापन तथा प्रतिकार्य टोली र द्रुत प्रतिकार्य टोलीलाई आवश्यक तालिम र अभिमुखीकरण प्रदान गर्ने | |
| | खुला स्थानहरुको पहिचान गर्ने र बाढीको स्थितिमा ती स्थानका उपयोग गर्ने योजना बनाउने | वडा कार्यालय, सामुदायिक विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी, गैससहरु |
| | भण्डारणको लागि घर पालुवा जनावरहरु र जीवन निर्वाह सामग्रीहरुका लागि सुरक्षित स्थानको पहिचान गर्ने | नगरपालिका, पशुसेवा शाखा, सामुदायिक विपद् व्यवस्थापन समिति |
| न्युन | सम्पूर्ण पूर्वतयारी (साधारण) गतिविधिहरु पहिले नैं सम्पन्न भैसकेको सुनिश्चित गर्ने | नगरपालिका, विषयक्षेत्रगत अगुवा निकाय |

### (ख) ३ दिनको पूर्वानुमानद्वारा शुरू हुने प्रारम्भिक कार्य र पूर्वतयारी

| ट्रिगर लेभल | पूर्वतयारी क्रियाकलाप | जिम्मेवार निकाय |
|---|---|---|
| उच्च | जल तथा मौसम विज्ञान विभाग माहाशाखाद्वारा जारी भएको मौसम पूर्वानुमान बारेमा क्लस्टर प्रमुख र उपप्रमुखहरुलाई जानकारी दिने | नगरपालिका, विषयक्षेत्रगत प्रमुखहरु |
| | हरेक क्लस्टरका लागि समन्वय बैठक, स्थानीय विपद् व्यवस्थापन समितिको बैठक बोलाउने | स्थानीय विपद् व्यवस्थापन समिति, विषय क्षेत्रगत प्रमुखहरु |
| | सामुदायिक विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समितिका बैठक बस्ने | स्थानीय विपद् व्यवस्थापन समिति, सामुदायिक विपद् व्यवस्थापन समिति |
| | सङ्कटासन्न समुदायको नजिकै तयारी अवस्थामा बसेका खोजटोली, उनीहरुका पहुँच र स्रोतसाधन अनुगमन गर्ने | नगरपालिका, सुरक्षा निकाय |
| | स्थानीय विपद् ्‍ प्रतिकार्य टोलीको परिचालन, सम्भावित बाढीको खतरा भएको गाउँहरु, अस्थायी आश्रयस्थल र शिविरहरुमा चिकित्सा टोली परिचालन गर्ने | नगरपालिका, सुरक्षा निकाय |
| | बाढी पीडित आश्रयस्थल र शिविरहरुमा १ देखि ३ दिनसम्म पुग्ने पर्याप्त ड्राई फुड स्थानान्तरित गर्ने | नगरपालिका, वडा कार्यालय, सुरक्षा निकाय |
| | सङ्कटासन्न समुदायलाई प्राथमिक उपचार किट र पानी शुद्धिकरण गर्ने क्लोरिन झोल वितरण गर्ने | नेपाल रेडक्रस सोसाइटी, विश्व स्वास्थ्य सँगठन |
| | जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु, गर्भवती महिला र आपतमा परेका मानिसहरुका लागि अन्यत्र सार्ने प्रक्रिया शुरु गर्ने | नगरपालिका, वडा कार्यालय, सुरक्षा निकाय |
| | सङ्कटासन्न समुदायको नजिकै तयारी अवस्थामा बसेका खोज तथाटोली, उनीहरुका पहुँच र स्रोतसाधन अनुगमन गर्ने | नगरपालिका विपद् व्यवस्थापन शाखा, सुरक्षा निकाय नगरपालिका,वडा कार्यालय सुरक्षा निकाय |
| | सामान्य पूर्वतयारीका क्रियाकलापहरु सुचारु रुपले कार्यान्वयन भए नभएको अनुगमन गर्नु | नगरपालिका विपद् व्यवस्थापन शाखा, सामुदायिक विपद् व्यवस्थापन समिति |

| ट्रिगर लेभल | पूर्वतयारी क्रियाकलाप | जिम्मेवार निकाय |
|---|---|---|
| | प्रतिकार्य कमान्ड पोस्टको विकास गर्ने, सङ्कटासन्न परिवारसम्म पुग्ने सम्पूर्ण मौजूदा मार्गको पहिचान गर्ने | नगरपालिका विपद् व्यवस्थापन शाखा, सुरक्षा निकाय |
| | घुम्ती क्लिनिकको स्थापना र परिचालनका लागि सम्पूर्ण आवश्यक प्रबन्ध मिलाउन | स्वास्थ्य विषयगत क्षेत्र |
| | समन्वयकारी रणनीतिक प्रतिकार्य योजना तयारीका निम्ति क्लस्टर बैठक | नगरपालिका, विषयगत क्षेत्र प्रमुख,नेपाल रेडक्रस सोसाइटी |
| मध्यम | गर्भवती महिला तथा नर्सिङ आमाहरूलाई स्वास्थ्य किट वितरण गर्ने | संरक्षण विषयगत क्षेत्र, नेपाल रेडक्रस सोसाइटी, गैससहरु |
| | खाद्यान्न आपूर्ति तथा भण्डारणको निम्ति पानी नछिर्ने झोला वितरण गर्ने | अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु/गैर सरकारी संस्थाहरुको सहयोगमा नेपाल रेडक्रस सोसाइटी |
| | नागरिकता प्रमाणपत्र, राहदानी, जग्गा धनी प्रमाणपत्र (लालपुर्जा), सवारी चालक अनुमति पत्र, शैक्षिक प्रमाण पत्र आदि जस्ता महत्वपूर्ण कागजातहरु राख्नको निम्ति पानी नछिर्ने थैली वितरण गर्ने | गैर सरकारी संस्थाहरुको सहयोगमा नेपाल रेडक्रस सोसाइटी |
| | महत्वपूर्ण कागजातहरुलाई पानी नछिर्ने थैलीमा राख्न र खाद्यपदार्थ लगायत अन्य वस्तुहरु पानी नछिर्ने झोलामा राख्न सहजीकरण गर्ने | नगरपालिका, वडा कार्यालय, सामुदायिक विपद् व्यवस्थापन समिति |
| | रबरको पन्जा, रबरको बुट आदि सहित पानी नछिर्ने कपडा वितरण गर्ने | नेपाल रेडक्रस सोसाइटी, जिल्लास्थित प्रमुख सहयोगी संस्था |
| | अनुगमन तथा मुल्याङ्कन टोलीको गठन | नगरपालिका, वडा कार्यालय, सामुदायिक विपद् व्यवस्थापन समिति |
| निम्न | साधारण पूर्वतयारीमा उल्लेखित सम्पूर्ण गतिविधिहरु र मध्यमस्तर सम्भाव्यताका सम्बन्धित निकायहरुद्वारा सम्पन्न गरिएको सुनिश्चित गर्ने | नगरपालिका विपद् व्यवस्थापन शाखा |

### (ग) १ दिनको पूर्वानुमानको आपतकालिन पूर्व तयारी

| ट्रिगर लेभल | पूर्वतयारी क्रियाकलापहरु | जिम्मेवार निकाय |
|---|---|---|
| **उच्च** | जलमापन केन्द्रहरूसँग नियमित सञ्चार गर्ने र जल स्तर एफएम तथा रेडियो स्टेसनहरूलाई अद्यावधिक गराउने | जल तथा मौसम विज्ञान विभाग, जिल्ला आपत्कालिन कार्य सञ्चालन केन्द्र, नगरपालिका, वडा कार्यालय, सामुदायिक विपद् व्यवस्थापन समिति |
| | खोज तथा उद्धार, क्लस्टर र सूचना तथा सञ्चार क्लस्टरको आपतकालीन बैठक बस्ने | स्थानीय आपत्कालिन कार्य सञ्चालन केन्द्र, सुरक्षा निकाय |
| | नदीको किनार नजिकै र बाढीको खतरा क्षेत्रमा बसोबास गरिरहेका सबैभन्दा सङ्कटासन्न जनसमुदायलाई स्थानान्तरण गर्ने | नगरपालिका, प्रदेश, सुरक्षा निकाय |

DRAFT

| ट्रिगर लेभल | पूर्वतयारी क्रियाकलापहरु | जिम्मेवार निकाय |
|---|---|---|
| | घर पालुवा जनावरहरुलाई सुरक्षित क्षेत्रमा सार्ने | नगरपालिका, सुरक्षा निकाय |
| | अस्थायी आश्रयस्थल र शिविरहरुमा पिउने पानी, खाद्यान्न, गैरखाद्य सामाग्री जस्ता सुविधाहरु सही तरिकाले प्रबन्ध गरिएको सुनिश्चित गर्ने | गैरसरकारी संस्थाहरुसँगको समन्वयमा क्लस्टर प्रमुखहरू |
| | छोडेर आएका घरहरु, स्थानान्तरित घरपालुवा जनावरहरु र जीवन निर्वाहका सामग्रीहरुको सुरक्षा सुनिश्चित गर्ने | नगरपालिका, सुरक्षा निकाय |
| | अपाङ्गता भएका व्यक्तिहरु, जेष्ठ नागरिक, स्तनपान गराइरहेका महिला, बालबालिका, एकल महिला आदिलाई विशेष ध्यान दिने | नगरपालिका, संरक्षण विषयगत क्षेत्र, स्थानीय गैससहरु |
| | बाढीको खतरा भएको नदी तटीय क्षेत्रका विद्यालय बिदा दिने | नगरपालिका शिक्षा विषयगत क्षेत्र |
| **मध्यम** | कार्यविधि १, २, ३ मा उल्लेखित सम्पूर्ण गतिविधिहरु सबै सम्भावित स्तरका लागि र कार्यविधि ४ मध्यम सम्भावित स्तरका लागि सम्बन्धित निकायहरुद्वारा सम्पन्न गरिएको सुनिश्चित गर्ने | नगरपालिका विपद् व्यवस्थापन शाखा, स्थनिय आपतकालिन कार्य संचालन केन्द्र |
| | बाढी प्रभावित जनसंख्यालाई गैरखाद्य सामग्री, खाद्यन्न र अन्य राहत सामग्रीहरुको वितरण प्रक्रिया विकास गर्ने | सहायता संस्थाहरुसँगको समन्वयमा क्लस्टर प्रमुखहरू |
| **न्युन** | सम्पूर्ण गतिविधिहरु कार्यविधि १, २, ३ सबै सम्भावित स्तरका लागि र कार्यविधि ४ मध्यम सम्भावित स्तरका लागि सम्पन्न गरिएको सुनिश्चित गर्ने | नगरपालिका, स्थानीय आपत्कालिन कार्य संचालन केन्द्र , स्थानीय विपद् व्यवस्थापन समिति |

DRAFT

# परिच्छेद ६

## आपत्कालीन प्रतिकार्य योजना (सम्पूर्ण विषयगत क्षेत्रहरूको लागि)

### ६.१ समन्वय, सूचना व्यवस्थापन, खोज तथा उद्धार

**क्षेत्रगत अगुवा - नगरपालिका प्रमुख**

विपद् प्रतिकार्यका लागि समन्वय, सूचना व्यबस्थापन र खोज तथाबिषय क्षेत्रको महत्वपूर्ण दायित्व रहन्छ । प्रभावित व्यक्ति तथा प्रभावित समुदायलाई एकीकृत रूपमा सबै प्रकारका सहयोग उपलब्ध गराउन यस क्षेत्रले अन्य क्षेत्रसँग अविच्छिन्न सम्बन्ध र समन्वयद्वारा कार्य गर्नुपर्छ ।

**विपद् पछिको सम्भावित परिदृश्य**

- बाढीको उच्च जोखिममा रहेका क्षेत्रमा एकसाथ बाढीको प्रभाव देखिएमा सार्वजनिक पूर्वाधारहरू (सडक, पुल, बिद्युत, आपूर्ति, सञ्चार) क्षती, यातायात (आवतजावत) र पहुँचमा कठिनाई
- उद्धार, सुरक्षा, राहत वितरण जस्ता मानवीय कार्यका लागि आवश्यक सूचना सङ्कलन गर्न र सबै क्षेत्र तथा सरोकारवालासँग समन्वयकारी भूमिका निर्वाह गर्न कठिन हुनेछ,
- राति बाढी गएमा ठूलो मानवीय क्षति हुनेछ भने आवास तथा व्यक्तिगत सम्पत्ति अस्थायी रूपमा क्षति, बाल-वालिका, महिला, वृद्ध-वृद्धा तथा अपाङ्गता भएका व्यक्तिहरु मुख्य रूपमा प्रभावित हुने गरी मानिसहरू विस्थापन भई प्रभावितलेर राहतको याचना गरिरहेको देखिने,
- रातको समयमा भूकम्प गएमा जनधनको ठूलो क्षति हुनेछ ।
- विद्यालयमा कक्षा कोठा, प्रहरीचौकी र स्वास्थ्य केन्द्र जस्ता उपलब्ध सार्वजनिक संस्थाहरूमाथि अधिक चाप र नियमित सेवामा अवरोध
- सामुदायिक संस्थागत ठाउँहरूमा अस्थायी आवासमा बसेको समयमा सामुदायिक स्वास्थ्यसम्बन्धी उपचारमा देखिएका समस्या/चुनौती र वातावरणमा नकारात्मक असरका कारण दीर्घकालीन स्वास्थ्य तथा विकासमा समस्या

**समन्वय, सूचना व्यवस्थापन, खोज तथा विषयगत क्षेत्रको क्षेत्रगत उद्धेश्य**

विपद्को बेला तत्काल खोज तथा उद्धारको आवश्यकता परेका ब्यक्ति, परिवार वा समूदायलाई तत्काल खोज तथा उद्धार गरि मानवीय क्षति तथा भविस्यमा हून सक्ने अन्य जोखिमहरुको न्यूनीकरण गर्नु यस क्षेत्रगत समूहको समष्टिगत उदेश्य हो । यस उदेश्य सूनिश्चित गर्नका लागि न्यूनतम निम्न कुराहरुको तयारी अत्यावश्यक पर्दछ ।

- सूचना संकलन एवम् व्यवस्थापनका लागि उचित ढाँचा सहितको ठोस संयन्त्र निर्माण गरी सूचना प्रवाहका लागि वैकल्पिक उपायहरू पहिचान गर्ने तथा सूचना विश्लेषण गरी सम्बन्धित क्षेत्रहरूमा उपलब्ध गराई प्रभावकारी प्रतिकार्य प्रणाली सुनिश्चित गर्ने ।
- भुकम्प बाढी पहिरो प्रकोप प्रभावित व्यक्तिहरूलाई छिटो भन्दा छिटो उद्धार गरी सहज तरिकाले सुरक्षित स्थानसम्म पुऱ्याउने ।

योजनाका समष्टिगत उद्धेश्य देहायअनुसार हुनेछन् :

- विपद्को समयमा सरकार, दातृ निकाय, सबै विषयगत क्षेत्र (Cluster), सहयोगी संस्था तथा नागरिक समाजबीच समन्वय कायम गर्नु ।
- निर्धारित समयभित्र "प्रारम्भिक द्रूत लेखाजोखा गर्ने (Initial Rapid Assessment-IRA) गर्न आवश्यक समन्वय गर्नु ।
- सूचना प्रवाहको वैकल्पिक उपाय पहिचान गरी सूचना प्रवाहलाई सुनिश्चित नियमित रूपमा अनुगमन गरी क्षेत्रहरूलाई पृष्ठपोषण दिनु ।
- प्रतिकार्यका सन्दर्भमा आवश्यकता अनुसार क्षेत्र र केन्द्रमा सम्पर्क र समन्वय गर्नु ।

## समन्वय, सूचना व्यवस्थापन, खोज तथा उद्धारक्षेत्रको आपतकालीन प्रतिकार्य तथा पूर्वतयारी योजना

### (क) आपतकालीन प्रतिकार्य योजना

| अवधि | प्रतिकार्य क्रियाकलापहरु | जिम्मेवार निकाय | समयावधि |
|---|---|---|---|
| ० देखि २४ घण्टा | स्थानीय विपद् व्यवस्थापन समितिको आकस्मिक बैठक बसी हरेक विषगत क्षेत्रहरुलाई तयारी अवस्थामा रहन निर्देशन दिने | स्थानीय विपद् व्यवस्थापन समिति | तत्काल |
| | खोज तथा उद्धार, पूर्वसूचना र समन्वय विषयगत क्षेत्रको आकस्मिक बैठक बस्ने | सम्बन्धित विषयगत क्षेत्र | तत्काल |
| | घटनास्थलको यथार्थ सूचना संकलन तथा सम्बन्धित सरोकारवाला निकायमा सम्प्रेषण गर्ने | सम्बन्धित विषयगत क्षेत्र | तत्काल |
| | घटनास्थलतर्फ उद्धारकर्मी, सुरक्षाकर्मी परिचालन गर्ने | नगरपालिका, खोज तथा उद्धार, पूर्वसूचना र समन्वय विषयगत क्षेत्र सुरक्षा निकाय | तत्काल |
| | खोज तथा उद्धारका लागि आवश्यक सामाग्री तथा यातायातको परिचालन | सम्बन्धित विषयगत क्षेत्र | तत्काल |
| | घाइतेहरुको शिघ्र उद्धार गर्ने र बेपत्ताहरुको खोजी कार्यलाई तिब्रता दिने | खोज तथा उद्धार, पूर्वसूचना र समन्वय विषयगत क्षेत्र | तत्काल |
| | सम्भावित जोखिम क्षेत्रका मानिसहरुको सुरक्षित स्थानान्तरण गर्न स्वयंसेवक परिचालन गर्ने | खोज तथा उद्धार, पूर्वसूचना र समन्वय विषयगत क्षेत्र | तत्काल |
| | घाइतेहरुको तत्काल प्राथमिक उपचारका लागि स्वास्थ्य, खानेपानी, सरसफाइ र पोषण विषयगत क्षेत्रसँग समन्वय गर्ने | नगरपालिका र सुरक्षा निकाय | तत्काल |
| | गम्भिर अवस्थाका घाइतेहरुको थप उपचारका लागि स्वास्थ्य, खानेपानी, सरसफाइ र पोषण विषयगत क्षेत्रसँग समन्वय गरी प्रादेशिक अस्पताल बिरेन्द्रनगरमा सिफारिस सहित पठाउने | नगरपालिका र खोज तथा उद्धार, पूर्वसूचना र समन्वय विषयगत क्षेत्र | तत्काल |

DRAFT

| अवधि | प्रतिकार्य क्रियाकलापहरु | जिम्मेवार निकाय | समयावधि |
|---|---|---|---|
| | विस्थापित र आघातमा परेका मानिसहरुको पुनर्स्थापना गर्ने | नगरपालिका र सबै वडा | तत्काल |
| | मृतकहरुको पहिचान र मुचुल्का गरी आफन्तलाई जिम्मा लगाउने | नगरपालिका र खोज तथा उद्धार, पूर्वसूचना र समन्वय विषयगत क्षेत्र | तत्काल |
| २४ घण्टादेखि ७ दिन | खोज तथा उद्धार कार्यलाई निरन्तरता दिने | खोज तथा उद्धार, पूर्वसूचना र समन्वय विषयगत क्षेत्र | तत्काल |
| | बिगतका प्रगतिको समीक्षा गर्ने र भएका गतिविधिको अद्यावधिक गर्ने | खोज तथा उद्धार, पूर्वसूचना र समन्वय विषयगत क्षेत्र | तत्काल |
| | क्षतिको आँकलनका लागि द्रुत लेखाजोखा टोली (स्वयंसेवक) परिचालन गर्ने | नगरपालिका र सम्बन्धित विषयगत क्षेत्र | तत्काल |
| | प्रभावितहरुको खाना, वास, र पिउने पानीको व्यवस्थापन र वितरणका लागि खाद्य तथा कृषि विषयगत क्षेत्र, आवास तथा गैरखाद्य विषयगत क्षेत्र र स्वास्थ्य, खानेपानी, सरसफाइ र पोषण विषयगत क्षेत्रसँग समन्वय गर्ने | नगरपालिका | तत्काल |
| | प्रभावितहरुको धनसम्पत्ति सुरक्षाको लागि सुरक्षाकर्मी परिचालन गर्ने | नगरपालिका र सुरक्षा निकाय | तत्काल |
| | शव व्यवस्थापन कार्यलाई निरन्तरता दिने | सुरक्षा निकाय | तत्काल |
| | स्थानीय स्रोत साधनको परिचालन सँगै अन्य निकायबाट स्रोतको संकलन तथा व्यवस्थापन गर्ने | नगरपालिका | तत्काल |
| | विपद्का घटनाको प्रकृति हेरी प्रदेश तथा संघीय सरकारसँग स्रोत माग गर्ने | नगरपालिका | तत्काल |
| ७ दिन देखि १ महिना | खोजी कार्यलाई निरन्तरता दिने | खोज तथा उद्धार, पूर्वसूचना र समन्वय विषयगत क्षेत्र | निरन्तर |
| | उद्धार तथा पुनर्स्थापनामा जोड दिने | खोज तथा उद्धार, पूर्वसूचना र समन्वय विषयगत क्षेत्र | घटनाको १ हप्ता पछि |

DRAFT

| अवधि | प्रतिकार्य क्रियाकलापहरु | जिम्मेवार निकाय | समयावधि |
|---|---|---|---|
| | विपद्मा हराएका अत्यावश्यक दस्तावेजहरुको लगत संकलन गर्ने | खोज तथा उद्धार, पूर्वसूचना र समन्वय विषयगत क्षेत्र | घटनाको १५ दिन पछि |
| | गुमेका, हराएका कागजातहरुको पुननिर्माण तत्काल गर्ने | खोज तथा उद्धार, पूर्वसूचना र समन्वय विषयगत क्षेत्र | घटनाको २० दिन पछि |
| | विपद् बाट भएको क्षतिको पुनर्स्थापना गर्न दीर्घकालीन योजना निर्माण गर्ने | खोज तथा उद्धार, पूर्वसूचना र समन्वय विषयगत क्षेत्र | घटनाको १ महिना पछि |
| | विपद् सूचना व्यवस्थापन गर्ने | नगरपालिका | निरन्तर |
| | पुनर्स्थापना र पुननिर्माण विषयगत क्षेत्रसँग समन्वय गरी पुननिर्माण खाका सहितको योजना निर्माण गरी कार्यान्वयन गर्ने | नगरपालिका | घटनाको १ महिना पछि बाट |

## (ख) प्रतिकार्यका लागि पूर्वतयारी योजना

| क. सं. | पूर्वतयारी क्रियाकलापहरु | प्रमुख जिम्मेवारी | सहयोगी निकाय | समयावधि | अनुमानित लागत (रु) |
|---|---|---|---|---|---|
| १ | विषयगत क्षेत्रको नियमित बैठक बसी मौसमी प्रकोपको पूर्वतयारी गर्ने | सम्वन्धित बिषयगत क्षेत्र | विषयगत निकायहरु | हरेक महिनाको १ गते | १० हजार |
| २ | सम्भावित जोखिम क्षेत्रमा माइकिङ, मोवाइल एसएमएस, रेडीयो, एफ.एम तथा पत्रपत्रिका मार्फत जनचेतना बिस्तार गर्ने | सम्वन्धित बिषयगत क्षेत्र | नगरपालिका सूचना शाखा, स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र, सञ्चार माध्यम, सञ्चार कर्मीहरु तथा गैसस | २०८० मंसिरदेखि नियमित | ५ लाख |
| ३ | नगरपालिका भित्रका जोखिम क्षेत्रको पहिचान गरी विपद् जोखिम नक्शाङ्कन गर्ने | नगरपालिका | विपद् व्यवस्थापन शाखा, नेपाल रेडक्रस सोसाइटी | २०८० माघ भित्र | २ लाख |
| ४ | ३० जना युवाहरुका लागि ३ दिने आधारभूत खोज तथा उद्धार तालिम दिने | नगरपालिका | विपद् व्यवस्थापन शाखा, नेरसो, सुरक्षा निकाय | २०८० माघ | ३ लाख |

| क. सं. | पूर्वतयारी क्रियाकलापहरु | प्रमुख जिम्मेवारी | सहयोगी निकाय | समयावधि | अनुमानित लागत (रु) |
|---|---|---|---|---|---|
| ५ | खोज तथा उद्धार सामग्रीहरुको व्यवस्थापन | नगरपालिका | जिन्सी व्यवस्थापन शाखा, गैससहरु, नेरसो | २०८० चैत मसान्त | १० लाख |
| ६ | एम्बुलेन्स तयारी अवस्थामा राख्ने र नगरपालिका का १ स्थानमा हेलीप्याड निर्माण गर्ने | नगरपालिका | स्वास्थ्य शाखा, योजना तथा प्राविधिक शाखा | आगामी आर्थिक वर्षको सुरुमा | २ लाख |
| ७ | विपद् जोखिम न्यूनीकरणका लागि तीनै तहका सरकारसँग समन्वय गर्ने | नगरपालिका | प्रमुख प्रशासकीय अधिकृत | नियमित | |
| ८ | सुरक्षा निकाय, सरकारी तथा गैरसरकारी निकाय तथा स्वयंसेवकहरुको तथ्याङ्क संकलन गरी अभिलेख राख्ने | नगरपालिका | स्था.वि.व्य.स., विपद् व्यवस्थापन शाखा | २०८० पौष मसान्त भित्र | |
| ९ | नगरपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसँग सम्बन्धित नीतिगत तथा कानूनी व्यवस्था मिलाउने | नगरपालिका | न्यायिक समिति, नेपाल रेडक्रस सोसाइटी | २०८० बैशाख | |
| १० | विपद् व्यवस्थापन कोषको स्थायित्वका लागि नियमित बजेट विनियोजन गर्ने | नगरपालिका | प्रमुख प्रशासकीय अधिकृत | आर्थिक वर्ष २०७९/८०को सुरुबाट | |
| ११ | सूचना संकलनको लागि आवश्यक पर्ने IRA/MIRA तालिमहरु सञ्चालन गर्ने | नगरपालिका खोज तथा उद्धार, पूर्वसूचना र समन्वय विषयगत क्षेत्र | नगरपालिका सूचना शाखा र नेपाल रेडक्रस सोसाइटी | मंसिर १५ सम्म | |

DRAFT

## ६.२ खाद्य तथा कृषि विषयगत क्षेत्र

### क्षेत्रगत अगुवा - कृषि शाखा

**विपद्को सम्भावित परिदृष्यः**

- प्रभावित परिवारको खाद्य आपूर्तिमा कमी, खाद्यान्नप्रतिको घट्दो पहुँच,
- विस्थापन तथा विद्यालयमा खुवाउने कार्यक्रम जस्ता अन्य खाद्यान्न सम्बन्धी कार्यक्रममा अवरोध भएको कारणले गर्दा अस्थायी रूपमा गम्भीर भएको तीव्र खाद्य असुरक्षा हुने,
- कृषि बालीमा ब्यापक क्षति, जीविकोपार्जनमा क्षति, बालीनालीको नोक्सान, पशुधनको क्षति, सामना गर्ने रणनीतिमा बाधाका कारणहरूले गर्दा खाद्य असुरक्षा बृद्धि भएको हुनेछ ।

**क्षेत्रगत उद्धेश्य** : .

- प्रभावित व्यक्तिहरूका लागि समयमा नैं खाद्यान्नको उपलब्धता तथा खाद्यान्नमा पहुँच सुनिश्चित गराएर जीवन बचाउने एवं जीवनलाई निरन्तरता प्रदान गर्ने,
- प्रभावितहरुको खाद्यसुरक्षाका लागि अन्तरनिकाय समन्वय छलफल गर्ने,
- आपतकालीन अवस्थामा प्रभावितहरुको लागि यथाशिघ्र खाद्यान्न उपलब्ध गराउने,
- जीवनरक्षाका लागि आवश्यकताको पूर्ति गर्नका निमित्त तयारी खाना उपलब्ध गराउने,
- दीर्घकालीन रुपमा पारीवारिक अस्तित्व, जीविकोपार्जनको सुरक्षा तथा दीर्घकालीन रणनीतिहरूको फलस्वरूप मानव मर्यादा, सकारात्मक प्रभाव निर्माण गर्ने । .
- पारीवारिक स्रोतहहरूलाई पुनर्लाभ (Recovery) तथा दीर्घकालीन विकासमा लगानी गर्न दिनका लागि सक्षम पार्न मानिसहरूलाई अल्पकालीन रूपमा अम्दानीको स्थानान्तरण अथवा प्रतिस्थापन गर्ने अवसर प्रदान गर्ने ।

**आपतकालीन प्रतिकार्य योजना**

विपद् ्को समयमा तथा त्यसपछि लगत्तै विस्थापित तथा प्रभावित मानिसलाई विनाभेदभाव खाद्य सामाग्री उपलब्ध गराउनु यस क्षेत्रको कार्याधिकार हो ।

# खाद्य तथा कृषि विषयगत क्षेत्रको आपतकालीन प्रतिकार्य तथा पूर्वतयारी योजना

## (क) आपतकालीन प्रतिकार्य योजना

| अवधि | प्रतिकार्य क्रियाकलापहरु | जिम्मेवार निकाय | समयावधि |
|---|---|---|---|
| ० देखि २४ घण्टा | बिषयगयत क्षेत्रको आकस्मिक बैठक बसी घटनाको परिवेश बारेमा छलफल गर्ने । | नगरपालिका कृषि विकास शाखा | तत्काल |
| | खाद्य तथा कृषि विषयगत क्षेत्रको अगुवाईमा सूचना संकलन तथा सहयोग डेस्क स्थापना गर्ने | नगरपालिका कृषि विकास शाखा | तत्काल |
| | विपद् बाट प्रभावितहरुको लागि तत्कालको लागि तयारी खानेकुरा चाउचाउ, बिस्कुट, चिउरा, दालमोठ वितरण गर्ने | स्थानीय सरकार, कृषि तथा खाद्य विषयगत क्षेत्र | तत्काल |
| | महिला, बालबालिका र जेष्ठ नागरिकको लागि बिस्कुट, लिटो, दुध वितरण गर्ने | स्थानीय सरकार, कृषि तथा खाद्य विषयगत क्षेत्र | तत्काल |
| | खाद्य सामाग्रीहरु वितरण गर्दा मिति नसकिएको, राम्ररी प्याक गरिएको र हावा नछिरेको यकिन गरी सामग्रीहरु वितरण गर्ने | स्थानीय सरकार, कृषि तथा खाद्य विषयगत क्षेत्र | नियमित |
| | प्रभावित महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकको लागि पोषणयुक्त खाना पुगे नपुगेको सुनिश्चित गर्ने | कृषि तथा खाद्य विषयगत क्षेत्र | अवाश्यकता अनुसार नियमित |
| | कृषि तथा खाद्य विषयगत क्षेत्रको राहत वितरण एकद्वार नीति अवलम्बन गर्न सबैलाई सचेत गराउने । | नगरपालिका, खाद्य तथा कृषि विषयगत क्षेत्र | नियमित |
| | विपद् ग्रस्त क्षेत्रमा अस्थाई राहत भण्डारण केन्द्र स्थापना गरी राहत उपलब्धतामा सर्वसुलभता कायम गर्ने | नगरपालिका, कृषि विकास शाखा | स्थिति सहज नहुँदासम्म |
| | गर्भवती, सुत्केरी, १ वर्षभित्रका शिशु, र ७५ वर्षभन्दा माथिल्लो उमेर समूहका जेष्ठ नागरिकहरुको तथ्याङ्क संकलन गरी उनीहरुको लागि छुट्टै खानाको व्यवस्थापन र वितरण गर्ने । | नगरपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | स्थिति सहज नहुँदासम्म निरन्तर |

| अवधि | प्रतिकार्य क्रियाकलापहरु | जिम्मेवार निकाय | समयावधि |
|---|---|---|---|
| २४ घण्टा देखि ७ दिन | क्षतिको सूचना तथा तथ्याङ्क संकलन तथा विश्लेषण गर्ने | नगरपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | नियमित |
| | प्रारम्भिक द्रूत लेखाजोखा गर्ने (Initial Rapid Need Assessment-IRA) | नगरपालिका, स्थानीय रेडक्रस तथा सुरक्षा निकाय | तत्काल |
| | कृषि तथा पशुधनको क्षति मुल्याङ्कन गरी मृत पशु व्यवस्थापनका लागि पशु सेवा शाखा सँग समन्वय गर्ने । | नगरपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | तत्काल निरन्तर |
| | खाद्यान्न सहयोग आव्हान गरी क्षतिको अवस्था हेरी राहत वितरणका लागि नगरपालिकालाई सिफारिस गर्ने | नगरपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | आवश्यकता अनुसार |
| | वितरण कार्य व्यवस्थित गर्न स्वयंसेवकहरुलाई परिचालन गर्ने | नगरपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | नियमित |
| | आवश्यकता अनुसार खाद्य सामाग्री लगायत उपलब्ध गराउने | नगरपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | नियमित |
| | वीउ सुरक्षाका लागि विभिन्न सञ्चारका साधन मार्फत सूचना, जारी गरिरहने | नगरपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | नियमित |
| ७ दिन देखि महिना दिन | कृषि बीउविजन तथा पशुजन्य सहयोग गरी कृषि उत्पादन पुनर्स्थापना गर्न सहयोग गर्ने । | नगरपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | स्थिति सहज नहुँदासम्म |
| | विपद् बाट प्रभावितहरुको विस्तृत तथ्याङ्क संकलन गर्ने | नगरपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | ७ देखि १५ दिनको वीच |
| | राहत प्रदान गर्ने निकायहरुसँग समन्वय गर्ने | नगरपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | नियमित |
| | खाद्यान तथा विशेष अवस्थाका प्रभावितहरुलाई आवश्यकता अनुसार बैंकमार्फत नगद हस्तान्तरण गर्ने | नगरपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | घटनाको ७ दिन देखि नियमित |
| | आवश्यकता अनुसार थप खाद्यान्नको व्यवस्था गर्ने | नगरपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | घटनाको १५ दिन देखि नियमित |

| अवधि | प्रतिकार्य क्रियाकलापहरु | जिम्मेवार निकाय | समयावधि |
|---|---|---|---|
| | अनुगमन गर्ने र थप सुधारका कार्यहरु गर्ने | नगरपालिका, कृषि तथा खाद्य विषयगत क्षेत्र | नियमित |

## (ख) प्रतिकार्यका लागि पूर्वतयारी योजना

| क्र. सं. | पूर्वतयारी क्रियाकलापहरु | प्रमुख जिम्मेवारी | सहयोगी निकाय | समयावधि | अनुमानित लागत (रु) |
|---|---|---|---|---|---|
| १ | बिषयगयत क्षेत्रको नियमित बैठक बसी विपद् सम्भावित अवस्था विश्लेषण गर्ने । | नगरपालिका कृषि विकास शाखा | उद्योग वाणिज्य संघ, नेरेसो, गैसस। सहकारी | हरेक महिनाको २ गते | ५,००० |
| २ | समुदायको आवश्यकता पहिचान गरी योजना निर्माण गर्ने | नगरपालिका कृषि विकास शाखा | वडा अध्यक्षहरु, उद्योग वाणिज्य संघ, नेरेसो, गैसस | २०८० चैत्र मसान्त भित्र | १०,००० |
| ३ | सम्भावित जोखिममा रहेका समुदायहरुको लगत संकलन गर्ने । | नगरपालिका कृषि विकास शाखा | उद्योग वाणिज्य संघ, नेरेसो, गैसस | २०७८ पौष मसान्त भित्र | ५,००० |
| ४ | तरकारी तथा खाद्यान्न बालीको बीउ भण्डारण सुनिश्चित गर्ने । | नगरपालिका कृषि विकास शाखा | उद्योग वाणिज्य संघ, नेरेसो, गैसस | आवश्यकता अनुसार | |
| ५ | समयमैं मलखाद तथा बिषादीको उपलब्धताको लागि सरोकारवालाहरुसँग समन्वय गर्ने । | नगरपालिका कृषि विकास शाखा | उद्योग वाणिज्य संघ, नेरेसो, गैसस | निरन्तर | |
| ६ | नगरपालिकामा अवस्थित जोखिमपूर्ण सिंचाई योजनाहरुको लगत लिई निर्माणका लागि पहल गर्ने | नगरपालिका कृषि विकास शाखा | उद्योग वाणिज्य संघ, नेरेसो, गैसस | २०७८ फागुन मसान्त भित्र | |
| ७ | खाद्यान्न तथा बीउविजनको अस्थायी भण्डारणको लागि सुपरग्रीन ब्यागको व्यवस्था गर्ने | नगरपालिका कृषि विकास शाखा | उद्योग वाणिज्य संघ, नेरेसो, गैसस | २०७८ चैत्र | २००,००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | स्थानीय विपद् व्यवस्थापन समितिसँगको सहकार्यमा जोखिम क्षेत्रमा खाद्य सामाग्री वितरणका लागि तयारी अवस्थामा राख्ने | नगरपालिका कृषि विकास शाखा | उद्योग वाणिज्य संघ, नेरेसो, गैसस | नियमित | २,००,००० |

DRAFT

## ६.३ आवास तथा गैरखाद्य विषयगत क्षेत्र

### क्षेत्रगत अगुवा - नगरपालिका उप-प्रमुख

विपद्को समयमा उपलब्ध हुनु पर्ने मानवीय सहयोगको लागी आवास तथा गैरखाद्य विषयगत क्षेत्रले विपद् प्रभावित व्यक्तिहरुलाई न्यूनतम मापदण्ड अनुसारको आवास लगायतका आधारभूत सेवा उपलब्ध गराउन सहयोग परिचालन गर्नु पर्छ र यसमा सिमान्तकृत समुदायको समान पहुँच कायम गराउनु यस क्षेत्रको दायित्व हुनेछ ।

विपद्को अवस्थामा विस्थापित व्यक्ति, परिवार तथा समुदायलाई स्थिति सामान्य भएर आफ्नो घर फर्किने अवस्था तयार नभएसम्म आपतकालीन आश्रयस्थलमा राख्नु पर्ने हुन्छ । यसको लागि अस्थायी रूपमा विद्यालय, मन्दिर, स्थानीय तहका भवनजस्ता सार्वजनिक स्थलमा राख्नु पर्ने हुन्छ भने केही लामो समयको लागि राख्नुपर्ने भएमा अस्थायी शिविर खडा गरी बसोवास गराउनु पर्ने हुन्छ । त्यसका साथै दैनिक जीवनयापनको लागि भाँडावर्तन, ओढ्ने ओछ्याउने लुगाफाटो वा खाना बनाउने, खाने भाँडावर्तन र इन्धनको व्यवस्था गर्नु पर्ने हुन्छ । आवास तथा गैरखाद्य क्षेत्रले विस्थापितको लागि उल्लेखित मानवीय सेवा उपलब्ध गराउँछ ।

### विपद् पछिको सम्भावित परिदृश्य

- विपद्बाट सङ्टासन्न वडाका अधिकांश गाउँ संकटमा हुनेछन् ।
- मानिसहरुको मृत्यु भएर आफ्नो ज्यान जोगाउन भागाभाग गर्नेछन् ।
- आफ्नो परिवारका सदस्यहरू तथा बालबच्चा खोज्दै, रुँदै कराउँदै खाली हात विस्थापित हुनेछन् ।
- विपद् भएको केही समयपछि उद्धारकर्मीहरू पुगेको, उद्धार कार्यमा जुटेको प्रभावित परिवारहरूलाई बाहिर ल्याई सुरक्षित ठाउँमा राख्ने काम भइरहेको अवस्था देखिनेछ ।
- सुरक्षित ठाउँमा ल्याइएको व्यक्ति तथा परिवारहरूको आफूले लगाएको कपडाबाहेक साथमा केही नभएको र अति भोकाएको, थाकेको, परिवारका सबै सदस्य आफ्नै शिविरमा नभएकोले चिन्तित देखिएको अवस्था हुनसक्ने छ ।
- संञ्चित खाद्यान्न पूरै नष्ट हुने सम्भावना भएकोले पूरै जनसंख्या खाद्यान्न अभावको चपेटामा पर्नेछन् ।
- विशेषगरी बालबालिका, जेष्ठ नागरिक र बिरामी तथा गर्भवती महिलाहरु बढी समस्यामा पर्नेछन् ।
- जीविकोपार्जनका वैकल्पिक उपायको अभाव हुनेछ ।
- बाढीबाट अधिकांश गाउँ प्रताडित भएर मानिस हताहत भई सहयोगको याचना गरिरहेका हुनेछन् ।
- घरबार नष्ट भएर झरी, हिलो र चीसो जमिनमा दिन रात बिताउन बाध्य भइरहेको देखिनेछ ।
- विद्यालयका कक्षाकोठा, प्रहरी चौकी, स्वास्थ्य केन्द्रहरूजस्ता उपलब्ध सार्वजनिक संस्थाहरूमाथि दबाबको सिर्जना, सामुदायिक तथा संस्थागत स्थानमा अस्थायी आवासको उपयोग गर्दा सामुदायिक स्वास्थ्यसम्बन्धी व्यवहारमा चुनौति र समस्या देखा पर्नेछन् ।
- बाढीले घर, धनमाल र खाद्यान्न समेत बगाएर बिस्थापितहरु खाद्यान्नको चर्को समस्यामा पर्नेछन् ।

### क्षेत्रगत उद्धेश्य

आवास तथा गैरखाद्य विषयगत क्षेत्रको प्रमुख उद्धेश्य विपद् बाट प्रभावित मानिसलाई जीवनयापनको लागि आवश्यक पर्ने आवास, खाद्यसामग्री, भाँडाकुँडा, लताकपडा सम्मान मर्यादासहित उपलब्ध गराएर उनीहरूको जीवन रक्षा गर्नु हुनेछ । यस क्षेत्रका अन्य उद्धेश्य देहायअनुसार रहेका छन्:

- विपद्मा परेर खाद्यान्नको समस्यामा परेका समुदाय तथा व्यक्तिलाई खाद्यान्न सहयोग उपलब्ध गराउनु तथा खाद्यान्नमा सबैको समानुपातिक पहुँच कायम गराउनु,
- सुत्केरी तथा गर्भवती महिला, दूध खाने बच्चा, कुपोषणमा परेका बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति जस्ता संवेदनशील अवस्थामा रहेका समुदायलाई पोषणयुक्त खाद्यान्न उपलब्ध गराउने सुनिश्चितता गर्नु ।
- सुरक्षित तथा आरामदायी बस्ने ठाउँको प्राप्तिका लागि भौतिक एवं सामाजिक आवश्यकताहरूमा व्यक्ति तथा परिवारहरूको पहुँच सुनिश्चित गर्नु,
- विपद्का कारणले घरवारविहीन बनेका मानिसका निमित्त स्थायी समाधानको खोजीका लागि प्रयत्न गर्नुका साथै विस्थापितलाई मानवअधिकारको उपभोग गर्न सक्षम बनाउनु,

# आवाश तथा गैरखाद्य क्षेत्रको आपतकालीन प्रतिकार्य तथा पूर्वतयारी योजना

## (क) आपतकालीन प्रतिकार्य योजना

| अवधि | प्रतिकार्य क्रियाकलापहरु | जिम्मेवार निकाय | समयावधि |
|---|---|---|---|
| ० देखि २४ घण्टा | गैरखाद्य र आवास क्लष्टरको आकस्मिक बैठक बोलाउने र घटनाको अवस्था विश्लेषण गर्ने | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र। अगुवा निकाय | तत्काल |
| | प्रभावितहरुलाई तत्काल सुरक्षित स्थलमा पुऱ्याउने | सुरक्षा निकाय, आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | तत्काल |
| | प्राथमिक उपचारको व्यवस्था गर्ने | नगरपालिका, स्वास्थ्य शाखा, सम्बन्धित विषयगत क्षेत्र | तत्काल |
| | प्रभावितलाई कम्वल, ओढ्ने ओछ्याउने सामाग्रीहरु वितरण गर्ने | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | तत्काल |
| | पुर्नस्थापितहरुको वर्गिकरण गरी पुनर्स्थापना केन्द्रमा पठाउने | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | तत्काल |
| | तत्काल शिविरको व्यवस्थाको चाँजोपाँजो मिलाउने | राहत, पुर्वस्थापना तथा पुननिर्माण विषयगत क्षेत्र | स्थिति सामान्य नहुञ्जेल |
| | अपाङ्गता भएका व्यक्तिहरुका लागि ह्विल चियरहरु वितरण गर्ने | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | अवाश्यकता अनुसार |
| | पुनर्स्थापना केन्द्रहरुमा लत्ता कपडा, भाँडावर्तन, कम्बल, म्याट जस्ता सामग्रीहरु वितरण गर्ने । | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | तत्काल |
| | प्रभावितलाई न्यानो कपडा, महिलाको लागि आन्तरिक कपडा, स्यानीटरी प्याडको व्यवस्था गर्ने, बालबालिकाको लागि भोटो, टोपी वितरण गर्ने | नगरपालिका, आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | नियमित |
| | गर्मी मौसममा झुलको वितरण गर्ने र जाडो मौसममा न्यानो कपडा वितरण गर्ने । | नगरपालिका, आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | स्थिति सहज नहुँदासम्म |
| २४ घण्टादेखि ७ दिन | क्षतिको सूचना तथा तथ्याङ्क संकलन तथा विश्लेषण गर्ने | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | नियमित |
| | प्रारम्भिक द्रूत लेखाजोखाको प्रतिवेदन अध्ययन गर्ने र आगामी नयाँ कार्यक्रम निर्णय लिने । | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | तत्काल |

| अवधि | प्रतिकार्य क्रियाकलापहरु | जिम्मेवार निकाय | समयावधि |
|---|---|---|---|
| | थप प्रभावितहरुलाई अस्थायी आश्रय केन्द्रहरुमा पठाउने कार्यलाई निरन्तरता दिने । | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | तत्काल निरन्तर |
| | आश्रयस्थलमा शौचालय, खानेपानी, औषधि उपचारको व्यवस्थापनका लागि स्वास्थ्य, खानेपानी सरसफाइ र पोषण विषयगत क्षेत्रसँग समन्वय गर्ने । | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | अवस्था र आवश्यकता अनुसार |
| | आश्रयस्थलमा खाद्यान्न आपुर्तिको लागि खाद्य तथा कृषि विषयगत क्षेत्रसँग सहकार्य गर्ने | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | घटना घटेको दिन बाट |
| | अपाङ्गता भएका, एकल महिला र पुरुषको अलग र विशेष प्रकारको आश्रयस्थलको प्रबन्ध मिलाउने | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | नियमित |
| | विपद्को त्रासदीपुर्ण अवस्थाबाट आघात भएका मानिसहरुलाई आश्रयस्थलमैं मनोसामाजिक परामर्श प्रदान गर्ने व्यवस्थाका लागि संरक्षण विषयगत क्षेत्रसँग समन्वय गर्ने । | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | नियमित |
| ७ दिन देखि महिना दिन | आवश्यकता अनुसार डिग्नीटी किट, वेवी किटहरु वितरण गर्ने | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | स्थिति सहज नहुँदासम्म |
| | आवश्यकता अनुसार प्रभावितहरुलाई घर फर्किने वातावरण तयार गरी घर फर्काउने | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | ७ देखि १५ दिन भित्र |
| | पुनर्स्थापितहरुलाई स्थायी बसोबासका लागि सिफारिस गर्ने | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | घटना को ७ देखि १५ दिन सम्म |
| | | | |
| | भौतिक संरचना पुननिर्माणमा आवश्यक काठ सहुलियत दरमा उपलब्ध गराउन सामुदायिक वन उपभोक्ता समितिलाई सिफारिस गर्ने । | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | नियमित |

## (ख) प्रतिकार्यका लागि पूर्वतयारी योजना

| क्र. सं. | पूर्वतयारी क्रियाकलापहरु | प्रमुख जिम्मेवारी | सहयोगी निकाय | समयावधि | अनुमानित लागत (रु) |
|---|---|---|---|---|---|
| १ | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्रको नियमित बैठक बसी आपतकालीन आश्रय तथा गैरखाद्य सामाग्री उपलब्धताका क्षेत्रहरुको पहिचान गर्ने । | नगरपालिका | आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | हरेक महिनाको १० गते | ५,००० |
| २ | विषयगत क्षेत्रका निकायहरुबीच जिम्मेवारी बाँढफाँड गर्ने | नगरपालिका | सम्बन्धित विषयगत क्षेत्र | २०८० कात्तिक भित्र | |
| ३ | सुरक्षित आवासस्थलको पहिचान र सूचिकरण गरी राख्ने | नगरपालिका | सम्बन्धित विषयगत क्षेत्र | २०८० पौष मसान्त | २०,००० |
| ४ | सुरक्षित आवास (सेफ सेल्टर) निर्माण गर्नको लागि आवश्यक पर्ने दक्ष जनशक्ति र आवश्यक सामाग्रीहरु त्रिपाल, किला, कांटी, डोरी, तयारी अवस्थामा राख्ने | नगरपालिका | राजनीतिक दलहरु, स्थानीय स्वयं सेवकहरु | निरन्तर | ५०,००० |
| ५ | लत्ताकपडा, ज्याकेट, टर्च, ग्याँस चुलो, भाँडावर्तन, झुल, प्लाष्टिक, कम्वल, ओढ्ने ओछ्याउने सामाग्री खरिद गरी भण्डारण गरी राख्ने करीव १५० घर परिवारलाई | नगरपालिका | नगरपालिका, उद्योग बाणिज्य संघ | निरन्तर | ५००,००० |
| ६ | अपाङ्गता भएका व्यक्तिहरुको लागि ह्वील चेयर, चस्मा, छडी (लौरो) जस्ता सामाग्रीहरु भण्डारण गरी राख्ने | नगरपालिका | नगरपालिका, उद्योग बाणिज्य संघ | निरन्तर | २००,००० |
| ७ | डिग्नीटी किट, वेवी किटहरु संकलन गरी भण्डारण गरी राख्ने | नगरपालिका | नगरपालिका महिला तथा बालबालिका शाखा, आपतकालीन आश्रय तथा गैरखाद्य विषयगत क्षेत्र | निरन्तर | १००,००० |

## ६.४ स्वास्थ्य, खानेपानी, सरसफाइ तथा पोषण क्षेत्र

### क्षेत्रगत अगुवा - स्वास्थ्य शाखा

विपद् को समयमा प्रभावित तथा विस्थापित मानिसमा स्वास्थ्य सम्बन्धी धेरै प्रकारका समस्या उत्पन्न हुने सम्भावना रहन्छ । त्यसैगरी विपद्मा परेका कतिपय मानिसलाई प्राथमिक उपचार र जटिल किसिमको उपचार तथा शल्यक्रियाको आवश्यकता पर्छ । अतः यस कार्ययोजनाले विपद् प्रभावित समुदायको स्वास्थ्य रक्षाका लागि काम गर्छ ।

**विपद् ‸ पछिको सम्भावित परिदृश्य**

- विपद्का कारण मानिसहरु घाइते तथा अङ्गभङ्ग भएका हुनेछन्,
- चर्पीहरू क्षतिग्रस्त हुनेछन् र फोहोर सर्वत्र फैलिएको अवस्था हुनेछ,
- पिउने पानीका मुहान र स्रोतहरू संरचनात्मक क्षतिका कारण प्रदूषित हुनेछन्,
- सरसफाइको अभावले पानीजन्य सरुवा रोग तथा महामारीजन्य प्रकोप बढेर थप विपद् ‸ उत्पन्न हुने सम्भावना प्रबल रहनेछ ।
- विस्थापित परिवारका सदस्यहरुले पानीको अभावका कारण अत्यावश्यक स्वच्छता सम्बन्धी कमजोर व्यवहारले गर्दा सरुवा रोगहरु वृद्धिको सम्भावना रहन्छ ।
- स्वास्थ्य सेवा प्रदायक संस्थाहरू क्षतिग्रस्त हुन सक्ने वा विपद् प्रभावितको पहुँचभन्दा बाहिर हुने, औषधि-उपचारका उपकरणहरू तथा औषधिमा हानी नोक्सानी हुनेछ ।
- चोटपटक, घाइतेहरू, हैजा, आउँ, रगतमासी एवं महामारीजन्य रोग, गम्भीर स्वास प्रश्वाससम्बन्धी संक्रमण, ज्वरो, आँखा अथवा छालाका संक्रामक रोगहरूमा वृद्धि हुनेछ ।
- खाद्य सामग्रीको तीव्र अभाव तथा प्रदूषित वातावरणको कारणले गर्दा कुपोषण, हैजा तथा झाडा पखालाजस्ता रोगहरूको जोखिममा वृद्धि, स्वास्थ्य एवं सामाजिक सेवाहरूमा घट्दो पहुँच, उपचारात्मक तथा अतिरिक्त खुवाउने कार्यक्रम (supplemertary feeding) मा अवरोध देखा पर्नेछ ।
- विपद् बाट विस्थापित विशेषगरी गर्भवती र सुत्केरी महिला, अशक्त तथा जेष्ठ नागरिक र बिरामीको अवस्था दयनीय हुने सम्भावना हुनेछ ।
- लामखुट्टे जस्ता कीटबाट फैलिने औलो, कालाजार, डेङ्गु आदिको संक्रमण बढ्ने र सर्पदंशको सम्भावना रहन्छ ।
- विपद्मा परेर वा विभिन्न कारणले घाइते हुनेको संख्यामा वृद्धि भएको हुनेछ ।
- विपद् प्रभावितहरुमा कोभिड १९ को प्रकोप फैलिनसक्ने प्रवल सम्भावना हुन्छ ।

**क्षेत्रगत उद्धेश्य**

आपतकालीन अवस्था उत्पन्न भएको समयमा विशेषगरी अत्याधिक जोखिममा रहेका समूहको स्वास्थ्य तथा पोषण सम्बन्धी आवश्यकता पूरा गर्ने प्रत्याभूति गर्नु, पानी तथा कीटाणु र किराको माध्यमबाट लाग्ने तथा माहामारीजन्य रोगबाट बचाउनु यस क्षेत्रको प्रमुख उद्धेश्य रहनेछ । यस क्षेत्रका पुरक उद्धेश्य देहायअनुसार हुनेछन्:

- झाडापखाला, हैजा र पानीजन्य एवं कीटजन्य सरुवारोगहरूको रोकथाम तथा उपचार सुनिश्चित गर्नु,
- रोग फैलिएमा प्रभावकारी रूपमा नियन्त्रण गर्नु,
- आधारभूत स्वास्थ्य सेवामा प्रभावित तथा विस्थापितको पहुँच सुनिश्चित गर्न स्वास्थ्य शिविर सञ्चालन, मानवस्रोत परिचालनजस्ता उपाय अपनाउनु,
- कुपोषणबाट प्रभावित विस्थापित महिला, बालबालिका तथा जेष्ठ नागरिक र बिरामीलाई पुरक खानाको व्यवस्था गरी उनीहरूको स्वस्थ जीवनको प्रत्याभूति गर्नु ।

## स्वास्थ्य, खानेपानी, स्वच्छता तथा पोषण क्षेत्रको आपतकालीन प्रतिकार्य तथा पूर्वतयारी योजना

### (क) आपतकालीन प्रतिकार्य योजना

| अवधि | प्रतिकार्य क्रियाकलापहरु | जिम्मेवार निकाय | समयावधि |
|---|---|---|---|
| ० देखि २४ घण्टा | विषयगत शाखाको आकस्मिक बैठक बसी अवस्थाको विश्लेषण गर्ने | स्वास्थ्य शाखा | घटना घटेको ३ घण्टा भित्र |
| | घाइतेहरुको उद्धार गर्न खोज उद्धार पूर्वसूचना र समन्वय विषयगत क्षेत्रसँग समन्वय गर्ने | खोज तथा उद्धार कार्यदल | तत्काल |
| | खोज उद्धारसँगै प्राथमिक उपचार गर्ने र गम्भिर अवस्थाका घाइतेहरुलाई अस्पताल पठाउने | स्वास्थ्य, खानेपानी, सरसफाइ तथा पोषण विषयगत क्षेत्र | तत्काल |
| | विपद् ग्रस्त क्षेत्रमा प्राथमिक उपचार डेस्क स्थापना र सञ्चालन गर्ने | स्वास्थ्य, खानेपानी, सरसफाइ तथा पोषण विषयगत क्षेत्र | तत्काल |
| | सुरक्षति शुद्ध पिउने पानीको व्यवस्थापन र वितरण गर्ने | स्वास्थ्य, खानेपानी, सरसफाइ तथा पोषण विषयगत क्षेत्र | तत्काल |
| | स्वास्थ्य, खानेपानी तथा सरसफाइ र पोषणयुक्त सामग्रीहरुको प्रभावकारी वितरणको लागि स्वास्थ्य संस्थाहरुको परिचालन गर्ने | स्वास्थ्य, खानेपानी, सरसफाइ तथा पोषण विषयगत क्षेत्र | तत्काल |
| २४ घण्टादेखि ७ दिन | शुद्ध पिउने पानी र प्रभावितहरुको अवस्था अनुसार पोषणयुक्त खानाको प्रबन्ध गर्ने | स्वास्थ्य, खानेपानी, सरसफाइ तथा पोषण विषयगत क्षेत्र | आवश्यकता अनुसार |
| | संकटासन्न समूहको सूचि तयार गरी आवश्यक खाद्यान्न वितरणका लागि सहजीकरण गर्ने | स्वास्थ्य, खानेपानी, सरसफाइ तथा पोषण विषयगत क्षेत्र | तत्काल निरन्तर |
| | क्षतिको विवरण संकलन गर्ने | स्वास्थ्य, खानेपानी, सरसफाइ तथा पोषण विषयगत क्षेत्र | अवस्था र आवश्यकता अनुसार |
| | खानेपानी शुद्धिकरणका विधिहरुको जानकारी दिने | सम्बन्धित विषयगत क्षेत्र, नेरेसो, महिला स्वास्थ्य स्वयंसेविका | घटना घटेको दिनदेखि नियमित |
| | पुनर्स्थापना केन्द्रहरुको फोहोर मैला व्यवस्थापन गर्ने | सम्बन्धित विषयगत क्षेत्र, नेरेसो, महिला स्वास्थ्य स्वयंसेविका | घटना घटेको दिनदेखि नियमित |

DRAFT

| अवधि | प्रतिकार्य क्रियाकलापहरु | जिम्मेवार निकाय | समयावधि |
|---|---|---|---|
| | नियमित औषधि उपचारका साथसाथै गर्भवती, सुत्केरी जाँच र परिवार नियोजन सेवा प्रवाहलाई निरन्तरता दिने | सम्बन्धित विषयगत क्षेत्र, नेरेसो, महिला स्वास्थ्य स्वयंसेविका | घटना घटेको दिनदेखि नियमित |
| | पुनर्स्थापना केन्द्रहरुमा नियमित स्वास्थ्य, खानेपानी तथा सरसफाइ शिक्षा प्रवर्द्धन गर्ने | सम्बन्धित विषयगत क्षेत्र, नेरेसो, महिला स्वास्थ्य स्वयंसेविका | घटना घटेको दिनदेखि नियमित |
| | मनोसामाजिक परामर्श सेवा सञ्चालनलाई आवश्यकता अनुसार निरन्तरता दिने | सम्बन्धित विषयगत क्षेत्र, नेरेसो, महिला स्वास्थ्य स्वयंसेविका | घटना घटेको दिनदेखि नियमित |
| ७ दिन देखि महिना दिन | टोल र बस्तीहरुमा नियमित स्वास्थ्य सेवा प्रवाह गर्ने | सम्बन्धित विषयगत क्षेत्र, नेरेसो, महिला स्वास्थ्य स्वयंसेविका स्वास्थ्य चौकी | घटना घटेको दिनदेखि नियमित |
| | पुर्नस्थापना केन्द्रहरुमा खानेपानी, सरसफाइ तथा पोषणयुक्त खानाको बारेमा जानकारी प्रदान गर्ने | सम्बन्धित विषयगत क्षेत्र, नेरेसो, महिला स्वास्थ्य स्वयंसेविका स्वास्थ्य चौकी | घटना घटेको दिनदेखि नियमित |
| | अस्थायी स्वास्थ्य शिविर तथा सरसफाइ अभियान सञ्चालन गर्ने | सम्बन्धित विषयगत क्षेत्र, नेरेसो, महिला स्वास्थ्य स्वयंसेविका स्वास्थ्य चौकी आवास तथा गैरखाद्य विषयगत क्षेत्र, स्वास्थ्य चौकी, महिला तथा युवा समूह | आवश्यकता अनुसार |
| | स्वास्थ्य सेवा सञ्चालनलाई निरन्तरता दिने | सम्बन्धित विषयगत क्षेत्र, नेरेसो, महिला स्वास्थ्य स्वयंसेविका स्वास्थ्य चौकी | घटना घटेको १५ दिन पछि |
| | सुगर, प्रेसर थाइराइड, मुटुका बिमामीहरुको नियमित चेकजाँच तथा आवश्यक औषधिको व्यवस्थापनलाई सहज बनाउने | सम्बन्धित विषयगत क्षेत्र, नेरेसो, महिला स्वास्थ्य स्वयंसेविका स्वास्थ्य चौकी, महिला तथा युवा समूह | नियमित |

## (ख) प्रतिकार्यका लागि पूर्वतयारी योजना

| क्र. सं. | पूर्वतयारी क्रियाकलापहरु | प्रमुख जिम्मेवारी | सहयोगी निकाय | समयावधि | अनुमानित लागत (रु) |
|---|---|---|---|---|---|
| १ | विषयगत शाखाको नियमित बैठक बसी अवस्थाको अद्यावधिक गर्ने | स्वास्थ्य शाखा | स्वास्थ्य, खानेपानी, स्वच्छता तथा पोषण | हरेक महिनाको १ गते | ५,००० |
| २ | द्रुत प्रतिकार्य टोलीको बैठक बसी कार्ययोजना तयार गर्ने | नगरपालिका स्वास्थ्य शाखा | स्वास्थ्य, खानेपानी, स्वच्छता तथा पोषण | हरेक बर्ष मंसिर १५ भित्र | १०,००० |
| ३ | स्वास्थ्य उपकरणको व्यवस्थापन र भण्डारण गर्ने । | नगरपालिका स्वास्थ्य शाखा | स्वास्थ्य, खानेपानी, स्वच्छता तथा पोषण | हरेक बष माघ मसान्त | २००,००० |
| ४ | आवश्यक औषधि तथा जनशक्ति व्यवस्थापन गर्ने | नगरपालिका स्वास्थ्य शाखा | स्वास्थ्य, खानेपानी, स्वच्छता तथा पोषण | आवश्यकता अनुसार | ३००,००० |
| ५ | पानी शुद्धिकरणका सामग्रीको व्यवस्थापन र भण्डारण गर्ने | नगरपालिका र स्वास्थ्य शाखा | स्वास्थ्य शाखा तथा सबै स्वास्थ्य चौकि | हरेक बर्ष माघ १५ भित्र | ५०,००० |
| ६ | हरेक वडाका १० जना युवाहरुलाई प्राथमिक उपचार तालिम दिने | नगरपालिका र स्वास्थ्य शाखा | स्वास्थ्य शाखा, गैसस, नेरेसो | २०८० माघ मसान्त भित्र | ५००,००० |
| ८ | Crisis Rapid Response Team (CRRT) परिचालनको तयारीका लागि नियमित बैठक बस्ने | स्वास्थ्य शाखा | सम्बन्धित बिषयतगत क्षेत्रहरु, गैसस, नेरेसो | निरन्तर | आबश्यक्तानुसार |
| ९ | संकटासन्न समूहको पहिचान गरी सूचिकरण गर्ने | स्वास्थ्य शाखा | | २०८० बैसाख | २०,००० |
| १० | फोहोरमैला बिसर्जनका लागि उचित स्थानको पहिचान गरी सूची तयार गर्ने | स्वास्थ्य शाखा | | २०८० बैसाख | आबश्यक्तानुसार |

| क्र. सं. | पूर्वतयारी क्रियाकलापहरु | प्रमुख जिम्मेवारी | सहयोगी निकाय | समयावधि | अनुमानित लागत (रु) |
|---|---|---|---|---|---|
| ११ | उपचारका लागि विशेषज्ञ टोलीको सूची तयार गर्ने | स्वास्थ्य शाखा | | २०८० बैशाख | आवश्यक्तानुसार |
| १२ | एम्बुलेन्सलाई तयारी अवस्थामा राख्ने | स्वास्थ्य शाखा | | नियमित | आवश्यक्तानुसार |

## (ग) कोभिड १९ मा आधारित प्रतिकार्य योजना

| क्र. सं. | प्रतिकार्यका क्रियाकलापहरु | प्रमुख जिम्मेवारी | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| १ | बाहिरबाट आउने मानिसको अभिलेख राख्ने | नगरपालिका | स्वास्थ्य शाखा | नियमित |
| २ | आवश्यकता अनुसार पी.सी.आर परीक्षण गर्ने | नगरपालिका | नगरपालिका | नियमित |
| ३ | स्वाब संकलन तथा परीक्षणको लागि धनगढी प्रदेश अस्पताल तथा कञ्चनपुर पठाउने | नगरपालिका | स्वास्थ्य चौकी, सुरक्षा निकाय | नियमित |
| ४ | साधारण संक्रमितहरुलाई तत्काल होम आइसोलेशनमा र गम्भिर संक्रमितहरुलाई प्रादेशिक अस्पताल तथा कञ्चनपुर अस्पतालमा मा रिफर गर्ने | नगरपालिका | स्वास्थ्य शाखा | नियमित |
| ५ | संक्रमितहरुको नजिक रहेका मानिसहरुको तत्काल कन्ट्राक्ट ट्रेसिङ्ग गरी स्वाब संकलन गर्ने | नगरपालिका | नगरपालिका, स्वास्थ्य कार्यालय | नियमित |
| ६ | कोभिड १९ का कारण आयआर्जनको स्रोत गुमाएकाहरुका लागि आवश्यक राहत वितरणका लागि सहजीकरण गर्ने | नगरपालिका | वडा कार्यालय | नियमित |
| ७ | दैनिक ज्यालादारीमा काम गर्ने मानिसहरुलाई रोजगार तथा स्वरोजगार कार्यक्रम मार्फत जीविकोपार्जन सुनिश्चित गर्ने । | नगरपालिका | वडा कार्यालय | नियमित |
| ८ | किसानहरुले उत्पादन गरेका सामग्रीहरुको बजार व्यवस्था सुनिश्चित गर्ने । | नगरपालिका | वडा कार्यालय | नियमित |
| ९ | नियमित मिचिमिचि हात धुने, मास्क प्रयोग गर्ने र स्यानीटाईजरको प्रयोग गर्ने, सामाजिक दुरी कायम गर्ने, भिडभाड कम गर्ने कुरालाई अझ प्रोत्साहन गर्ने । | नगरपालिका | वडा कार्यालय | नियमित |

## ६.५ शिक्षा तथा संरक्षण क्षेत्र

### क्षेत्रगत अगुवा: नगरपालिका शिक्षा शाखा, महिला तथा बालबालिका शाखा

विपद्‌बाट प्रभावित तथा विस्थापितको संरक्षणका लागि यस क्षेत्रले विशेष भूमिका निर्वाह गर्नेछ । विशेषगरी जेष्ठ नागरिक, बालबालिका, अपाङ्गता भएका व्यक्ति, महिलाजस्ता बढी प्रभावित हुने वर्गको संरक्षणका लागि यस क्षेत्रले काम गर्नेछ ।

**विपद् पछिको अनुमानित परिदृश्य**

- जोखिमपूर्ण अवस्थाको सामना गरिरहेका महिला, बालबालिका, अपाङ्गता, जेठ नागरिकको संख्या धेरै हुनेछ ।
- संरक्षण गर्नुपर्ने, घाइते हुन सक्ने, विस्थापित, हराउन, अलपत्र र भेदभावमा पर्न सक्नेछन् ।
- महिला, किशोरी तथा बालिकाहरुमा हिंसाका घटनाहरु हुन सक्नेछन् ।
- विद्यालय भवन अस्थाई वासस्थानका रुपमा प्रयोग हुने
- विद्यालय भवनहरु बाढी (डुवान, कटान), भुकम्प, आगलागी तथा पहिरो बाट क्षति भई विद्यालयमा रहेका भौतिक तथा शैक्षिक सामाग्रीहरु नष्ट हुने तथा लामो अवधि सम्म शैक्षिक संस्थाहरु बन्द हुने गरेको कारण विद्यार्थीहरू शिक्षाको अवसरबाट बन्चित
- जनधनको क्षति, घाइते बाल-बालिका, बिछोडिएका तथा एकल बाल-बालिका, बृद्धवृद्धा, अनाथहरूको सङ्ख्यामा वृद्धि
- लिङ्गमा आधारित हिंसा (Gender–Based Violence - GBV) को बढ्दो जोखिम
- सामना गर्ने सयंन्त्र (Coping mechanism) मा अवरोध, शान्ति सुरक्षाको अभाव तथा असुरक्षाको वातावरण
- केही समुदाय अथवा समूहहरुका लागि मानवीय प्रतिकार्यमा पहुँच नहुनु अथवा पहुँच अप्रयाप्त हुनु ।

**क्षेत्रगत उद्धेश्य**

महिला तथा बालबालिका लगायत जोखिममा परेका समूहलाई हिंसा, मानसिक तनाव, शोषण, दुर्व्यवहार, भेदभावबाट मुक्त राखी सुरक्षाको प्रत्याभूति दिनु तथा प्रकोप प्रभावित बालबालिकाहरु र आश्रय दिएर बसेका समुदायको बालबालिकाहरुको शिक्षा प्राप्त गरि भविष्य निर्माण गर्ने अधिकार अस्थायी वा स्थायी आवास स्थलहरुमा अल्पकालीन वा दीर्घकालीन रुपमा औपचारिक वा अनौपचारिक रुपमा कक्षा सञ्चालन गरि शिक्षा सेवालाई निरन्तरता दिनु यस क्षेत्रको उद्धेश्य रहेको छ ।

DRAFT

## (क) आपतकालीन प्रतिकार्य योजना

| अवधि | प्रतिकार्य क्रियाकलापहरु | जिम्मेवार निकाय | समयावधि |
|---|---|---|---|
| ० देखि २४ घण्टा | शिक्षा तथा संरक्षण क्लष्टरको आकस्मिक बैठक बसि जिम्मेवारी बाँडफाँड, सूचना तथा जानकारी संकलन, प्रतिवेदन तयारी जस्ता विषयमा निर्णय गर्ने, क्षेत्रगत सदस्यहरू तथा शिक्षकहरुको सम्पर्क बिवरण अद्यावधिक गर्ने | शिक्षा तथा संरक्षण विषयगत क्षेत्र | तत्काल |
| | प्रभावित विद्यार्थी एवम् शिक्षकहरु, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकको अवस्था तथा सङ्कटासन्नतामा रहेका विद्यालयको विवरण अद्यावधिक गर्ने | शिक्षा तथा संरक्षण विषयगत क्षेत्र | तत्काल |
| | हराइरहेका विद्यार्थी एवम् शिक्षकहरु, बालबालिका, महिला, अपाङ्गताा भएका व्यक्ति, जेष्ठ नागरिकहरुको खोज तथा उद्धार क्लष्टरसँग समन्वय गरी खोजी गर्ने | शिक्षा तथा संरक्षण विषयगत क्षेत्र | तत्काल |
| | प्रभावित विद्यार्थी एवम् शिक्षकहरु, महिला, बालबालिका, अपाङ्गताा भएका व्यक्ति र जेष्ठ नागरिकको प्राथमिकताका साथ उद्धार गर्न समन्वय गर्ने | खोज तथा उद्धार, पूर्वसूचना र समन्वय विषयगत क्षेत्र र शिक्षा तथा संरक्षण विषयगत क्षेत्र | तत्काल |
| | प्रभावित एवं जोखिममा रहेका विद्यार्थी एवम् शिक्षकहरु, महिला, बालबालिका, अपाङ्गताा भएका व्यक्ति र जेष्ठ नागरिकलाई सुरक्षित स्थानमा व्यवस्थापन गर्ने | शिक्षा तथा संरक्षण विषयगत क्षेत्र आवास तथा गैरखाद्य विषयगत क्षेत्र | तत्काल र नियमित रुपमा |
| | प्रभावित विद्यार्थी एवम् शिक्षकहरु, महिला, बालबालिका, अपाङ्गताा भएका व्यक्ति र जेष्ठ नागरिकलाई तयारी खाना पुगे नपुगेको भेदभाव भए नभएको सुनिश्चित गर्ने | शिक्षा तथा संरक्षण विषयगत क्षेत्र | तत्काल अवाश्यकता अनुसार |
| | एम्बुलेन्स सेवा, आपतकालिन प्राथमिक उपचार र घाइतेका लागि यातायात व्यवस्था भए नभएको निरीक्षण गर्ने । | शिक्षा तथा संरक्षण विषयगत क्षेत्र र स्वास्थ्य निकायहरु | आवश्यकता अनुसार |
| | महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, विद्यार्थी एवम् शिक्षकहरु र जेष्ठ नागरिकहरुलाई तत्काल आवश्यक पर्ने राहत सामाग्री  उपलब्ध गराउन सहजीकरण गर्ने । विशेषगरी अति जोखिममा रहेको समूहलाई केन्द्रित गर्ने । | शिक्षा तथा संरक्षण विषयगत क्षेत्र | तत्काल |

| अवधि | प्रतिकार्य क्रियाकलापहरु | जिम्मेवार निकाय | समयावधि |
|---|---|---|---|
| | घाइतेहरुको प्राथमिक उपचारका लागि स्वास्थ्य, खानेपानी सरसफाइ तथा पोषण विषयगत क्षेत्रसँग समन्वय गर्ने । | शिक्षा तथा संरक्षण विषयगत क्षेत्र | तत्काल |
| | आवश्यकता अनुसार मनोसामाजिक परामर्श कार्यशाला सञ्चालन गर्ने | शिक्षा तथा संरक्षण विषयगत क्षेत्र | नियमित |
| | मानव बेचविखन र अपहरण जोखिम न्यूनीकरणका लागि नगरपालिका क्षेत्रका सिमा नाकाहरुमा सुरक्षा चेक जाँच गर्न सुरक्षा निकायसँग समन्वय गर्ने | शिक्षा तथा संरक्षण विषयगत क्षेत्र | नियमित |
| २४ घण्टादेखि ७ दिन | संरक्षण विषयगत क्षेत्रको बैठक बसी परिस्थितिको अद्यावधिक गर्ने | शिक्षा तथा संरक्षण विषयगत क्षेत्र | आवश्यकता अनुसार |
| | प्रारम्भिक स्वरुपको द्रूत लेखा जोखा (Initial Rapid Need Assessment-IRA) गर्ने | शिक्षा तथा संरक्षण विषयगत क्षेत्र | आवश्यकता अनुसार |
| | अस्थायी शिविरहरु बालमैत्री, महिलामैत्री र अपाङ्गमैत्री भए नभएको सुनिश्चित गर्ने | शिक्षा तथा संरक्षण विषयगत क्षेत्र | नियमित |
| | यथाशिघ्र प्रारम्भिक द्रुत लेखाजोखाको विवरण सम्बन्धित सरोकारवालाहरुलाई जानकारी दिने । | शिक्षा तथा संरक्षण विषयगत क्षेत्र | घटना घटेको २ दिन पछिबाट |
| | प्रभावित विद्यार्थी एवम् शिक्षकहरु, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकलाई आवश्यकता अनुसार औषधी, पोषण सामाग्री, खाद्यान्न तथा नगद वितरण गर्न सहजीकरण गर्ने | शिक्षा तथा संरक्षण विषयगत क्षेत्र | नियमित |
| | प्रभावित स्थानमा वा शिविर सञ्चालन भएको स्थानमा महिला तथा किशोरीमाथि हुने हिंसाका गतिविधिलाई निगरानी राख्ने साथै महिलाको विशेष संरक्षणको व्यवस्था मिलाउन सहजीकरण गर्ने | शिक्षा तथा संरक्षण विषयगत क्षेत्र | नियमित |
| | प्रभावितहरुको लागि तत्काल आवश्यक पर्ने खाद्यान्न लगायत न्यूनतम मानवीय सहयताका सामाग्री जुटाउन सहजीकरण गर्ने | शिक्षा तथा संरक्षण विषयगत क्षेत्र | नियमित, स्थिति नियन्त्रणमा नआउदासम्म |

DRAFT

| अवधि | प्रतिकार्य क्रियाकलापहरु | जिम्मेवार निकाय | समयावधि |
|---|---|---|---|
| | विपद् प्रभावितहरुको बहुमुल्य सरसमानको सूरक्षा गर्ने | शिक्षा तथा संरक्षण विषयगत क्षेत्रको समन्वयमा सुरक्षा निकाय | स्थिति नियन्त्रणमा नआउदासम्म |
| | प्रभावित महिला, बालबालिका तथा किशोर किशोरीहरुलाई हुन सक्ने हिंसा, यौनहिंसाको विवरणहरु निगरानी समूह मार्फत राख्ने | शिक्षा तथा संरक्षण विषयगत क्षेत्र | स्थिति नियन्त्रणमा नआउदासम्म |
| ७ दिन देखि महिना दिन | प्रभावित महिला, बालबालिका तथा किशोर किशोरीहरुलाई दुरुपयोग र वेचविखन हुन सक्ने पक्षवारे जनचेतना अभिवृद्धि गर्ने | शिक्षा तथा संरक्षण विषयगत क्षेत्र | घटना घटेकोपछि स्थिति सामान्य नहुँदासम्म |
| | हराएका छुट्टिएका बालबालिकाहरु छन् भने आमाबावुसँग पुनर्मिलन गराउने | शिक्षा तथा संरक्षण विषयगत क्षेत्र | उपलब्ध भएको ७ दिनभित्र |
